**शिखर नगरपालिका**

# स्थानीय राजपत्र

खण्डः५ संख्याः७ शिखर नगरपालिका,डोटी स्थानीय राजपत्र भाग २ मितिः२०७८/८/१३

## भाग–२

**शिखर नगरपालिका**

**सम्बत् २०७८ सालको नियमावली नं.१**

**शिखर नगरपालिकाको सहकारी नियमावली, २०७८**

शिखर नगरपालिकाको सहकारी ऐन, २०७४ को दफा १०० ले दिएको अधिकार प्रयोग गरी शिखर नगरपालिका नगर कार्यपालिकाले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस नियमावलीको नाम “शिखर नगरपालिका सहकारी नियमावली, २०७८” रहेको छ ।

(२) यो नियमावली स्वीकृत भएको मिति देखि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :-

(क) “ऐन” भन्नाले शिखर नगरपालिका सहकारी ऐन, २०७४ सम्झनु पर्दछ ।

(ख) “मन्त्रालय” भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने सुदूरपश्चिम प्रदेशको मन्त्रालय तथा संघीय सरकार अन्तर्गतको मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ग) “कार्यालय” भन्नाले शिखर नगरपालिकाको सहकारी हेर्ने शाखालाई सम्झनु पर्दछ ।

(घ) “नियमित बचत” भन्नाले सदस्यहरुले संस्थामा दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक वा वार्षिक रुपमा जम्मा गर्ने बचत रकमलाई सम्झनुपर्दछ ।

(ङ) “व्यवस्थापक” भन्नाले सहकारी संस्था वा संघको व्यवस्थापक सम्झनुपर्दछ र सो शब्दले महाप्रबन्धक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी प्रमुख समेतलाई जनाउनेछ ।

(च) “संस्थागत पूँजी” भन्नाले संस्था वा संघको जगेडा कोष तथा अन्य अविभाज्य रहने कोषको योगफललाई जनाउनेछ ।

(छ) “सूचना अधिकारी” भन्नाले सहकारी संस्था वा संघले कार्यालयको आधिकारिक सूचना संप्रेषण गर्न नियुक्त गरेको कर्मचारीलाई जनाउनेछ ।

(ज) “कार्यान्वयन अधिकारी” भन्नाले सहकारी विभागले जारी गरेको सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरिएको निर्देशन, २०७४ बमोजिम सहकारी संस्था वा संघले नियुक्त गर्ने कर्मचारीलाई जनाउनेछ ।

(झ) “संगठित संस्था” भन्नाले नेपाल सरकार मातहत संघ, प्रदेश तथा स्थानीय तहमा संचालित सरकारी कार्यालयलाई सम्झनुपर्दछ ।

(ञ) “कार्यक्षेत्र” भन्नाले सहकारी संघ वा संस्थाको सदस्यता बिस्तार र कारोवार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थानलाई जनाउनेछ ।

## परिच्छेद - २

## संस्था गठन, दर्ता र संचालन

३. **सहकारी संस्था गठन र यसको आधार** : ऐनको दफा ३ बमोजिम दर्ता हुने सहकारी संस्थाहरु बसोवासको आधार, श्रम वा सीपको आधार एवं पेशागत आधारमा गठन गर्दा देहायका शर्त तथा बन्देजहरु पूरा गरेको हुनुपर्नेछ ।

**(क) बसोवासको आधार** : बसोबासको आधारमा संस्था दर्ता गर्न संयुक्त रुपमा आवेदन गर्ने अलग अलग परिवारका आवश्यक संख्याका प्राकृतिक व्यक्तिहरुको निम्नानुसारका कागजातहरु पेश गर्नु पर्नेछ :

(१) कार्यक्षेत्रभित्र स्थायी रुपमा बसोबास गरेको व्यक्तिहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(२) कार्यक्षेत्रभित्र बसोवास गरेको प्रस्तावित संस्थाको कार्यक्षेत्र बाहिरको नेपाली नागरिकता भएको आवेदकहरुको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिको साथमा कार्य क्षेत्रभित्र बसोवास गरेको व्यहोरा प्रमाणित हुने देहायको मध्ये कुनै एक प्रमाणको प्रमाणित प्रतिलिपि,

(क) परिवार सहितको बसाई सराइ गरी आएको भए सोको प्रमाणपत्र,

(ख) बैवाहिक सम्बन्धका आधारमा बसाई सर्नु परेको भए विवाह दर्ताको प्रमाणपत्र र नाता प्रमाणित,

(ग) घर वा जग्गा भएको प्रमाणित गर्न जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपि र घर नक्सा इजाजतको प्रतिलिपि वा सम्पन्न प्रमाणपत्रको प्रतिलिपि,

(घ) कर्मचारीको हकमा स्थायी नियुक्ति पत्र, हाल कार्यरत कार्यालय वा निकाय खुल्ने प्रमाण र सम्बन्धित कार्य क्षेत्रमा बसोबास गरेको व्यहोरा प्रमाणित हुने वडा कार्यालयले गरेको हालसालैको सिफारिस पत्र ।

(ङ) विगत दुईवर्षदेखि सम्बन्धित कार्यक्षेत्रमा व्यवसाय गरी बसेको प्रमाणित हुने व्यवसाय नविकरणसहितको इजाजत प्रमाणपत्र, कर तिरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु ।

(च) आमा, बाबु, श्रीमान, श्रीमती र छोरा छोरी बाहेक अन्यको हकमा एकाघर संगोलमा रहेको नाता समेत खुल्ने सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

तर, संस्था दर्ताको बखतमा आवेदन गर्ने व्यक्तिहरु मध्ये ८० प्रतिशत आवेदकहरुको नागरिकताको ठेगाना वा जग्गाधनी पूर्जाको प्रमाणपत्र सोही कार्यक्षेत्र भित्रको हुनुपर्नेछ । यो अनुपात संस्थाले संधै कायम गरिराख्नुपर्नेछ ।

**(ख)** **श्रम वा सीपको आधार :** श्रमिक तथा युवा लगायतले आफ्नो श्रम, सीप र निश्चित विषयमा आधारित तोकिएको व्यवसाय गर्ने संस्थाको हकमा जुन श्रम र सीपको आधारमा सहकारी दर्ता गर्न चाहेको हो, आवेदकहरुले सो सम्बन्धी व्यवसायिक सीप हासिल गरेको प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ ।

**(ग)** **पेशागत आधार** : पेशागत आधारमा दर्ता हुने संस्थाको हकमा नगरपालिका क्षेत्रभित्र सरकारी स्वामित्व वा अनुदानमा सञ्चालित कार्यालय, सामुदायिक विद्यालय, क्याम्पस वा संगठित संस्थाहरुमा कार्यरत जनशक्ति हुनुपर्नेछ । यस्तो संस्था दर्ता गर्दा सम्बन्धित कार्यालय वा निकायको सिफारिस हुन आवश्यक पर्दछ । साथै पेशागत सहकारी दर्ताको लागि देहाय बमोजिमको शर्त एवं बन्देजहरु लागू हुनेछन् ।

(१) संगठित संस्थामा कार्यरत कर्मचारी, प्राध्यापक वा शिक्षकहरुको संस्था गठन गर्दा कम्तीमा ६० प्रतिशत स्थायी दरबन्दीको हुनुपर्नेछ ।

(२) उपरोक्त बमोजिमको संस्थाले सहकारीका संघ वा बैकमा संस्थागत सदस्यता लिएता पनि संस्थाका प्रतिनिधीहरु संघ वा बैकको सञ्चालक वा लेखा सुपरीवेक्षण समितिमा उम्मेदवार बन्न पाउने छैनन् । यस उपनियम बमोजिम दर्ता भएका संस्थाहरुले देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछन् ।

(क) सदस्यहरुबाट विनियममा तोकिएको सीमासम्मको मासिक बचत संकलन गर्ने ।

(ख) खण्ड (क) बमोजिम संकलित बचत रकम सदस्यहरुलाई सापटी, ऋणको रुपमा परिचालन गर्ने ।

(ग) सदस्यहरु बीच सिमित हुने गरी दैनिक उपभोग्य वस्तु तथा शैक्षिक सामग्रीको बिक्री वितरण गर्ने ।

(घ) सदस्यहरुको बौद्धिक विकास, सीप, कला, साहित्य लगायतका रचनात्मक क्षेत्रमा कार्य गर्ने ।

(३) एउटै पेशासंग सम्बन्धित पेशागत संगठन अर्न्तगत नगरपालिका क्षेत्रभित्र एकभन्दा बढी पेशागत सहकारी संस्था दर्ता गरिने छैन ।

(४) नगरपालिकाले नियमानुसार नियमित रुपमा आर्थिक सुविधा उपलब्ध गराउने गरी नगरपालिकासंग आबद्ध रहेका स्वास्थ्य एवं सरसफाई क्षेत्रमा क्रियाशील महिला स्वास्थ्य स्वयम् सेविका, सफाई मजदुर आदिको आर्थिक उन्नतिका लागि संगठित गरि सहकारी संस्था दर्ता गर्न अनुमति दिन सक्नेछ । सो कार्यका लागि नगरपालिकाले बिउँ पूजी समेत सहयोग गर्न सक्नेछ ।

(५) पेशागत आधारमा गठित सहकारी संस्थाको कार्यक्षेत्र बढीमा नगरपालिका क्षेत्र हुनेछ ।

**(घ) दर्ता भएका संस्थागत सहकारी संस्था :** (१) यो नियमावली प्रारम्भ हुनुभन्दा अगाडि संस्थागत आधारमा दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुले नयाँ नियमावली बमोजिम १ वर्षभित्रमा बसोबासको आधारमा भौगोलिक कार्यक्षेत्र कायम गर्ने गरी संस्थाको सञ्चालन प्रकृयालाई व्यवस्थित गर्नुपर्नेछ । सामान्यतया संस्थागत आधारमा सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई अन्य संस्थासंग एकिकरण गरी व्यवस्थित गर्न प्रोत्साहित गरिनेछ ।

(२) उपनियम (१) बमोजिम एकिकरण हुन नसकेका संस्थाहरुको हकमा वार्षिक साधारण सभाको बहुमत सदस्यहरुको निर्णय, सम्बन्धित निकायको सिफारिस, चुक्ता शेयरपूँजी, निश्चित वडामा बसोवास गरेका सदस्य संख्या समेतका आधारमा नगरपालिकाका २ वटा वडा कायम हुने गरी दर्ता तथा सञ्चालन प्रकृयालाई समायोजन गरिनेछ । कार्यपालिका विश्वस्त हुने गरी कारोवारको अवस्था र निश्चित वडामा बसोवास गरेका सदस्य संख्याको वस्तुनिष्ठ आधार पेश गरेको अवस्थामा थप वडा तोक्न सक्नेछ । यसरी समायोजन हुदाका बखतका सदस्यहरु बाहेक समायोजन पश्चात नयाँ बन्ने सदस्यहरु भने स्वीकृत कार्यक्षेत्र भित्र बसोवास गरेको जनिने कागजातको आधारमा मात्र लिनु पर्नेछ ।

४. **बचत तथा ऋण सहकारीको दर्ता तथा सञ्चालनको मापदण्ड :** (१) ऐनको दफा ६ बमोजिम बचत तथा ऋण सहकारी र अन्य विषयगत सहकारी दर्ता गर्नका लागि प्रत्येक

वडामा २ हजार जनसंख्या बराबर एउटा विषयगत संस्था नबढ्ने गरी दर्ताको व्यवस्थापन गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको मापदण्डभन्दा बढी भएका सहकारी संस्थाहरु यो नियमावली प्रारम्भ भएको मितिले ३ वर्षभित्र ऐनको दफा (६५) बमोजिम एकिकरण गरिसक्नुपर्नेछ ।

(३) बचत तथा ऋणको कारोवार गर्ने संस्थाले गैह्र वित्तीय क्षेत्रमा लगानी गर्दा सोही प्रयोजनका लागि साधारण सभाबाट स्वीकृति लिई इच्छुक सदस्यहरुबाट थप पूँजी संकलन गरी लगानी गर्न सकिनेछ । तर, सदस्यहरुको पूर्व स्वीकृतिमा लाभांश कोष र संरक्षित पूँजी फिर्ता कोषको रकम यस्तो गैह्र वित्तीय कारोवारमा लगानी गर्ने बाधा पर्ने छैन ।

(४) संस्था दर्ताका लागि पेश भएको वा पेश हुने कागजातका आधारमा उद्देश्य प्रष्ट भई कार्यपालिका विश्वस्त हुन सकेमा बचत तथा ऋण सहकारी बाहेक स्थानीय आवश्यकता एवं अनुमानित प्रतिफललाई समेत ख्याल गरी व्यवसायिक, उत्पादन वा बजारीकरण, गरिबी न्यूनीकरण गर्ने आधार, रोजगारमूलक, वातावरणीय संरक्षण, उपभोक्ता सहकारी (बिउ बिजन) र बहुआयामिक आयमूलक आदि विषयका सहकारी संस्था दर्ता गर्न बाधा पर्ने छैन । तर सहकारी शाखाबाट प्रस्तावित सहकारी संस्थाको आवश्यकता र सम्भाव्यताका सर्न्दभमा स्थलगत अध्ययन अनिवार्य गर्नुपर्नेछ ।

५. **बहुउद्देश्यीय, उत्पादनमूलक र सेवामूलक संस्थाको दर्ता तथा सञ्चालनको आधार :** (१) बहुउद्देश्यीय सहकारी संस्थाले दर्ताको बखत विनियममा बचत तथा ऋण बाहेक कम्तिमा पनि २ वटा उद्देश्यहरु समावेश गरेको व्यवसायिक परियोजना उल्लेख गरी पेश गरेको हुनु पर्नेछ ।

(२) बहुउद्देश्यीय कारोबार गर्ने गरी दर्ता भएको बहुउद्देश्यीय सहकारी, उत्पादनमूलक र सेवामूलक सहकारी वा दर्ता भई कारोबार गरिरहेको सहकारी संस्थाले बचत तथा ऋणको हिस्सा कूल कारोवार (वासलात) मा ३० प्रतिशतमा नबढ्ने गरी व्यवस्थापन गर्नुपर्नेछ ।

(३) यसरी दर्ता हुने सहकारीले बचत तथा ऋणको ३० प्रतिशत हिस्सा सदस्यहरुलाई केन्द्रित गरी व्यक्तिगत रुपमा बचत ऋणको कारोबार र बाँकी ७० प्रतिशत हिस्सा संस्थागत लगानीका आधारमा उत्पादन, प्रशोधन, वितरण, उपभोग, बजारीकरण तथा श्रम र सीपमा आधारित बहुमुखी उद्योग तथा परियोजनाहरुमा लगानी गर्नुपर्नेछ ।

(४) कृषि लगायत दुग्ध उत्पादन, प्रशोधन, बजारीकरण, उपभोग र सेवामूलक व्यवसाय सञ्चालन गर्ने गरी दर्ता हुने सहकारीले जुन प्रकृतिको संस्था दर्ता गर्ने हो सोही प्रकृतिको व्यवसायसंग मेल खाने स्थल, वातावरणीय प्रभावको मूल्याङ्कन तथा मापदण्ड आदिको व्यवस्था गर्नुपर्दछ ।

६. **संस्था वा संघको दर्ताको दरखास्त :** (१) संस्था दर्ताका लागि दर्ता गर्ने अधिकारी समक्ष देहायका कागजात तथा विवरण पेश गर्नुपर्नेछ ।

(क) अनुसूची १ को ढाँचा अनुसारको दर्ता दरखास्त,

(ख) अनुसूची २ को ढाँचामा सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) अनुसूची ३ को ढाँचामा आवेदकहरूको विवरण फारम,

(घ) अनुसूची ४ को ढाँचामा व्यावसायिक कार्ययोजना,

(ङ) अनुसूची ५ को ढाँचामा सदस्यबाट संकलित शेयर रकमको भर्पाई,

(च) अनुसूची ६ को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण,

(छ) अनुसूची ७ को ढाँचामा स्व-घोषणापत्र,

(ज) अनुसूची ८ को ढाँचामा अधिकार प्रत्यायोजन पत्र,

(झ) अनुसूची ९ अनुसारका विषयवस्तुहरु समावेश भएको सहकारी संस्थाको विनियम,

(ञ) प्रारम्भिक भेलाका प्रमाणित निर्णयहरू,

(ट) प्रस्तावित संस्थाको कार्यालय रहने सम्बन्धित वडाको सिफारिस पत्र,

(ठ) कार्यक्षेत्रभित्र बसोबास गरेको पुष्ट्याई हुने प्रमाण,

(ड) सम्पत्ति शुद्धिकरण सम्बन्धी भरिएको फारम,

(ढ) आवेदकहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ण) पूर्व सहकारी शिक्षा लिएको प्रमाण,

(त) ऐनको दफा ६ बमोजिमको अन्य कागजातहरु आदि ।

(२) पूर्व सहकारी शिक्षा नगरपालिका, प्रदेश वा विभागले तयार गरेको पाठ्यक्रमका आधारमा संचालन गरिनेछ । सो कार्यक्रम संचालनको खर्च प्रस्तावित संस्थाले व्यहोर्नु पर्नेछ ।

(३) संस्था दर्ताका लागि आवेदन गर्ने कम्तिमा ५० प्रतिशत शेयर सदस्यहरुले अनिवार्य रुपमा यस्तो पूर्व सहकारी शिक्षा लिएको हुनुपर्नेछ ।

(४) पूर्व सहकारी शिक्षा, सहकारी सम्बन्धी तालिम संचालन गर्न चाहने सहकारी संघहरुले नगरपालिकामा आवेदन पेश गर्नु पर्नेछ । यस्तो तालिम संचालन गर्न नगरपालिकाले जिल्ला सहकारी संघ, नगर सहकारी संघ तथा विषयगत जिल्ला संघहरुलाई स्वीकृति दिन सक्नेछ ।

(५) सहकारी संघ संस्थाहरुले आफ्नो सहकारी शिक्षा कोषमा रहेको रकम अनुपातिक रुपमा उपयोग गरी नियमित रुपमा सहकारी शिक्षा सम्बन्धी ज्ञान शेयर सदस्यहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

६. शिखर नगरपालिका स्वयमले वा शिखर नगरपालिका र सहकारी संस्थाहरुको संयुक्त आयोजनामा नगर कार्य क्षेत्र भित्रका सहकारी संस्थालाई समावेश गरी समयानुकुल आवश्यक प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

७ . सहकारी शिक्षा तथा तालिम कार्यक्रमलाई व्यवस्थित गर्नका लागि नगरपालिका सहकारी शाखामा सहकारी सम्वन्धी विषय विज्ञहरुको सूची (रोष्टर) तयार गरी समय समयमा अद्यावधिक गरिनेछ ।

**७. <u>शेयर पूँजी सम्बन्धी मापदण्ड</u> :** (१) संस्थाले जारी गर्ने कूल शेयर पूँजीको रकम संस्था दर्ता गर्न आवेदन गर्दा नै संस्थाको विनियममा उल्लेख गर्नु पर्नेछ ।

(२) संस्था दर्ताको बेला चुक्ता शेयर पूँजीको रकम कूल शेयर पूँजीको कम्तिमा २० प्रतिशत हुनुपर्नेछ । यो अनुपात शेयर पूँजी वृद्धिका लागि निवेदन दिने बखतमा समेत कायम राख्नुपर्नेछ ।

(३) साधारण सभाको कूल सदस्यको बहुमत सदस्यहरुको निर्णयले संस्थाको शेयर पूँजी बृद्धि गर्न सकिनेछ । साधारण सभाको निर्णय सहित पूँजी वृद्धिको लागि नगरपालिकामा निवेदन पेश गर्नु पर्नेछ । उक्त प्रस्ताव दर्ता गर्ने अधिकारीले स्वीकृत गरे पछि लागू हुनेछ ।

(४) विनियममा तोकिए बमोजिमको शेयर पूँजी पुरा नगरी अन्य कारोबार गर्न पाईनेछैन ।

(५) सामान्यतया शेयर पूँजीलाई पर्ल्स अनुगमन प्रणालीको मापदण्डको आधारमा कूल सम्पत्तिको १० प्रतिशतमा नघट्ने गरी कायम गरी राख्नुपर्नेछ ।

**८. <u>संस्थाको नामाकरण तथा नाम परिवर्तन सम्बन्धी व्यवस्था</u> :** (१) सहकारी संस्थाको नाम अर्थ खुल्ने गरी कम्तिमा दुई अक्षर भएको देवनागरी लिपीमा हुनु पर्नेछ । अनुवाद गरी अंग्रेजी र नेपालीमा फरक नाम उल्लेख गर्न पाइने छैन । नामका लागि संक्षिप्त अक्षरको प्रयोग गर्न पाइने छैन । संस्थाको नामसंगै संस्था कुन विषयगत आधारमा दर्ता भएको हो प्रष्ट हुने गरी सहकारी संस्था लिमिटेड शब्दको प्रयोग अनिवार्य रुपमा गर्नुपर्नेछ ।

(२) संचालनमा रहेका अन्य संस्थाहरुका नाममा हुबहु वा मिल्दोजुल्दो हुने गरी वा नामको अगाडि वा पछाडि उपसर्ग, प्रत्यय वा अन्य शब्द जोडी संस्था दर्ता गरिने छैन ।

(३) तोकिएको भौगोलिक कार्यक्षेत्रभन्दा व्यापक कार्य क्षेत्र जनाउने नाम राखी संस्था दर्ता गरिने छैन साथै एउटै जाति, धर्म, थर, वर्ग, समूह वा भाषालाई मात्र प्रोत्साहन हुने वा देखिने गरी सहकारी दर्ता गरिनेछैन ।

(४) संस्थाको प्रस्तावित नाम यस अगाडि दर्ता भएका संस्थासंग मिल्दो जुल्दो भएको देखिएमा दर्ता गर्ने अधिकारीले अर्को नाम प्रस्ताव गर्न लगाउनेछ । त्यस्तो अवस्थामा प्रस्तावित संस्थाको तदर्थ संचालक समितिको बहुमतको निर्णयले अर्को नाम प्रस्तावित गर्न सक्नेछ ।

(५) यस अघि दर्ता भएका संस्थाहरुको हकमा स्वीकृत विनियममा उल्लेख भएको उद्देश्य एवं कार्य अनुरुप विषय खुल्ने गरी नामाकरण गर्न वा भएको नाम परिवर्तन गर्न साधारण सभाको कूल सदस्यको बहुमतले पारित गरी दर्ता गर्ने अधिकारीबाट स्वीकृत गराई संस्थाको नाम परिवर्तन गर्नु पर्दछ ।

(६) उपनियम (५) बमोजिम नाम परिवर्तन गर्न स्वीकृति दिइएकोमा शेयरधनी एवं सरोकारवाला सबैलाई जानकारी गराउनका लागि स्थानीय वा राष्ट्रिय पत्रपत्रिका साथै विश्वसनीय सार्वजनिक संचार माध्यमबाट सूचना जारी गर्नुपर्नेछ ।

(७) संस्थाको सूचना अधिकारी, सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको नाम, पद, सम्पर्क नं., फोटो आदि विवरण संस्थाको कार्यालयमा सबैले देख्ने गरी टाँस गर्नुपर्नेछ ।

९. **सहकारी संस्थाको साईन बोर्ड र कार्यालय सम्बन्धी व्यवस्था :** (१) सहकारी संस्थाको साइन बोर्डको रंग हल्का हरियो रंगको पृष्ठभूमिमा सेतो रंगको अक्षरले लेखिएको हुनुपर्नेछ । प्रत्येक संस्थाले दर्ता प्रमाणपत्रमा उल्लेख भए बमोजिम संस्थाको नाम, दर्ता नम्बर, दर्ता भएको साल समेत खुलाई नेपाली भाषामा साईन वोर्ड लेखी संस्थाको कार्यालयमा सबैले देख्ने ठाँउमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) बढी भन्दा बढी शेयर सदस्यहरुलाई पायक पर्ने स्थानमा तोकिएको कार्यक्षेत्र भित्र संस्थाको कार्यालय स्थापना गर्नुपर्नेछ । यस प्रकारको कार्यालय रहने स्थानको बारेमा संस्थाको विनियममै उल्लेख गर्नु पर्दछ । संस्थाको बहुमत सदस्यको निर्णयद्वारा कार्यालय रहने स्थान परिवर्तन गर्न सकिनेछ । संस्थाको कार्यालय परिवर्तन भएमा कार्यालय सरेको मितिले सात दिन भित्रमा शिखर नगरपालिकामा जानकारी दिनुपर्नेछ । सो विषय सबैलाई जानकारी गराउनका लागि सार्वजनिक संचार माध्यमबाट समेत सूचना जारी गर्नुपर्नेछ ।

(३) सामान्यतया एकै प्रकृतिको एकभन्दा बढी संस्थाको कार्यालय एउटै भवन वा घरमा स्थापना गर्नु हुदैन । एउटै भवन वा घरमा एक भन्दा बढी एकै प्रकृतिको संस्थाहरुको कार्यालय भएमा पछि खोलिएको संस्थाको कार्यालय अन्य उपयुक्त ठाँउमा सार्न नगरपालिकाको शाखाले निर्देशन दिन सक्नेछ ।

(४) संस्थाले प्रदान गर्ने सेवा सुविधा, संस्थाको वित्तीय प्रगति, संस्थाले लिने व्यवस्थापन शुल्क, ढुवानी शुल्क, वस्तु तथा सेवाको मूल्य सूची, ब्याजदर तथा अन्य दैदस्तुर सहितको विस्तृत विवरण समावेश गरी सबैले देख्ने गरी सदस्य बडापत्र बनाई टाँस गर्नुपर्नेछ ।

१०. **सहकारी संस्थाको कार्यक्षेत्र सम्बन्धी व्यवस्था :** (१) ऐनको दफा ९ बमोजिम दर्ता गर्दाको अवस्थामा तोकिए बाहेक २ वर्ष पश्चात संस्थाको कार्यक्षेत्र देहाय बमोजिम थप गर्न सक्नेछ ।

(क) उत्पादक, सेवामूलक, बहुउद्देश्यीय संस्थाको हकमा कम्तिमा एक वडा बराबर २० जना सदस्यको अनुपात कायम हुने गरी भौगोलिक क्षेत्रको आधारमा जोडिएको वडाहरु कायम गर्दै

पहिलो चरणमा बढीमा ४ वडासम्म, दोस्रो चरणमा बढीमा ८ वडासम्म र तेस्रो चरणमा नगरपालिका भर कार्यक्षेत्र विस्तार गर्न सक्नेछ ।

(ख) खण्ड (क) बमोजिमको संस्थाले ४ वडासम्मको कार्यक्षेत्रका लागि रु. २५ लाख, ८ वडासम्मका लागि रु. ५० लाख र नगरपालिका भर कार्यक्षेत्र कायम गर्दा रु. ७० लाख चुक्ता शेयर पूँजी र संस्था घाटामा नरहेको हुनुपर्नेछ ।

(ग) (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि बहुउद्देश्यीय सहकारी संस्थाको हकमा भने नगरपालिका भर कार्यक्षेत्र बिस्तार गर्दा संस्था घाटामा नरहेको, चुक्ता शेयर पूँजी रु. १ करोड ५० लाख पुगेको र सदस्य संख्या पाँच सय पुगेका हुनुपर्नेछ ।

(घ) श्रमिक संस्थाको हकमा संस्थाको व्यावसायिक योजना, एक वडा बराबर १० जना सदस्य हुने गरी जोडिएको भौगोलिक क्षेत्रका आधारमा जोडिएको वडाहरु कायम गर्दै पूँजी र सम्भाव्यताको आधारमा दर्ता गर्ने अधिकारीले बढीमा नगरपालिका भर तोक्न सक्नेछ ।

(ङ) वित्तीय (बचत तथा ऋण) संस्थाको हकमा कार्य क्षेत्रका वडाहरुमा कम्तिमा एक वडा बराबर ५० जना सदस्यको अनुपात कायम हुने गरी भौगोलिक क्षेत्रको आधारमा जोडिएको वडाहरु कायम गर्दै बढीमा नगरपालिका भर ।

(च) खण्ड (ङ) बमोजिमको संस्थाले नगरपालिका भर कार्यक्षेत्र कायम गर्दा संस्थाले पर्ल्स अनुगमन प्रणालीको न्यूनतम मापदण्ड पूरा गरेको, संस्था घाटामा नरहेको, वित्तीय सन्तुलन कायम गरिएको हुनुपर्नेछ ।

(छ) सामान्यतया बचत तथा ऋण सहकारी संस्थाको कार्यक्षेत्र विस्तार गर्दा पहिलो चरणमा बढीमा ४ वडासम्म, दोस्रो चरणमा बढीमा ८ वडासम्म र तेस्रो चरणमा नगरपालिकाभर कार्यक्षेत्र बिस्तार गरिनेछ । यसरी कार्यक्षेत्र विस्तार गर्दा ४ वडासम्मको लागि रु. ४० लाख चुक्ता शेयर पूँजी, ८ वडासम्मका लागि रु.८० लाख चुक्ता शेयर पूँजी र नगरपालिकाभर क्षेत्र विस्तारको लागि रु. १ करोड चुक्ता शेयर पूँजी पुर्‍याउनुपर्दछ ।

महिला मात्र सदस्य भएको बचत तथा ऋण सहकारी संस्थाको हकमा भने ४ वडासम्मको लागि रु. २० लाख चुक्ता शेयर पूँजी, ८ वडा सम्मको लागि रु. ४० लाख चुक्ता शेयर पूँजी र नगरपालिका भर कार्यक्षेत्र कायम गर्न रु. ५० लाख चुक्ता शेयर पूँजी हुनुपर्नेछ ।

(ज) यो नियमावली जारी हुनुपूर्व दर्ता भई सञ्चालनमा रहेका नगरपालिकाभर कार्यक्षेत्र भएका संस्थाहरुले नियमावली जारी भएको ३ वर्षभित्रमा उपरोक्त बमोजिमको सदस्य संख्या, चुक्ता शेयर पूँजी र अन्य मापदण्ड पूरा गर्नुपर्नेछ । तोकिएको समयमा पनि मापदण्ड पूरा गर्न नसक्ने संस्थाको हकमा संस्थाहरु बीच एकिकरणको लागि दर्ता गर्ने अधिकारी मार्फत आवश्यक समन्वय गरी प्रोत्साहन गरिनेछ । उक्त समय सम्म पनि व्यवस्थापन हुन नसक्ने सहकारीको हकमा कार्यपालिकाको निर्णयका आधारमा दर्ता गर्ने अधिकारीले कार्यक्षेत्र घटाउन निर्देशन दिन सक्नेछ ।

(झ) उपरोक्त नियमहरुमा उल्लेखित पूँजी र सदस्य संख्याको अनुपातको आधारमा तीन भन्दा बढी चरणमा समेत कार्यक्षेत्र विस्तारको अनुमति दिन सकिनेछ ।

(२) संस्थाको कार्यक्षेत्र बिस्तार गर्दा देहायको प्रक्रिया पूरा गर्नुपर्छः-

(क) मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता एवं कारोवारमा बृद्धि भएको र लेखाजोखा गरिएको ।

(ख) थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग भएको, व्यावसायिक योजना र सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गरेको ।

(ग) कार्यक्षेत्र बिस्तार गर्दा ऐनको दफा २२ विपरित दोहोरो सदस्यता हुने अवस्था नरहेको सुनिश्चित गरिएको,

(घ) कार्यक्षेत्र विस्तारको सम्बन्धमा साधारण सभाले निर्णय गरी विनियम संशोधनको प्रकृया पूरा भएको ।

(ङ) मौजूदा कार्यक्षेत्रमा संस्थाले प्रदान गरेको सेवा, उद्योग, व्यावसायिक स्थिति, सञ्चालन खर्च, कारोबारको स्थिति र नाफा नोक्सानको विवरण ।

(च) कार्यक्षेत्र बिस्तारको माग गर्दा साधारण सभाको निर्णय, वार्षिक लेखा परिक्षण प्रतिवेदन, आन्तरिक राजश्व कार्यालयबाट प्रदान गरिएको कर चुक्ता प्रमाणपत्र, नगरपालिकामा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(छ) पूर्व स्वीकृति नलिई शाखा वा सेवा केन्द्र वा सम्पर्क कार्यालय स्थापना गरी कार्य संचालन गर्न पाइने छैन । त्यस्तो कार्य गरेको पाइएमा कार्यालयले तुरुन्त उक्त कार्य रोक्न एवं संस्थाको सबै कारोवार वा आंशिक रुपमा निक्षेप लिने, ऋण दिने वा वस्तु तथा उत्पादन बिक्री वितरण र कारोवारमा रोक लगाउनेछ ।

**११. सेवाकेन्द, बिक्रीकेन्द्र, सम्पर्क कार्यालय :** नगरपालिका भर कार्यक्षेत्र कायम भएको संस्थाको हकमा व्यावसायिक योजना, औचित्य र आवश्यकताको आधारमा मूख्य कार्यालय बाहेक बढीमा ४ स्थानमा सेवाकेन्द्र, बिक्रीकेन्द्र, डिपो वा सम्पर्क कार्यालय सञ्चालन गर्न सक्नेछ तर सहकारी संस्थाहरु एकिकरण भएको अवस्थामा भने सेवा केन्द्र वा बिक्री केन्द्र सोभन्दा बढी पनि हुन सक्नेछ । यसरी स्थापना हुने कार्यालयको भौगोलिक दूरी संस्थाको मूख्य कार्यालय भन्दा सामान्यतया कम्तिमा ५ कि.मी. कायम गर्नुपर्दछ ।

**१२. विषय तथा उद्देश्य परिवर्तन :** (१) सामान्यतया दर्ता भएको ३ वर्षसम्म सहकारी संस्थाको विषय परिवर्तन गरिने छैन तर हाल संस्थाले गरिआएको मूख्य कारोबार जुन विषयसंग सम्बन्धित छ, सोही प्रकृतिको संस्थासंग एकिकरण गर्न प्रोत्साहन गरिनेछ ।

(२) उपनियम (१) बमोजिम विषय परिवर्तन वा एकिकरण गर्दा नगरपालिकाबाट स्वीकृत शर्त र कार्यविधि पूरा भएको हुनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम एकिकरण हुन नसकी नाम वा विषय परिवर्तन गर्नुपर्ने भएमा नियमावलीमा तोकिए बमोजिमको अन्य शर्तहरु समेत पूरा गरी एकपटकको लागि विषय परिवर्तन गर्न स्वीकृती दिन सक्नेछ । तर यसरी संस्थाको नाम वा विषय परिवर्तन गर्न चाहने संस्थाले एकीकरण हुन नसकेको मनासिव कारण र आधार सहित वार्षिक साधारण सभाको निर्णय पेश गर्नुपर्दछ ।

**१३. <u>सहकारी संस्थाको विनियम</u> :** (१) ऐनको दफा १७ बमोजिम विनियम बनाउदा सहकारी संस्थाले अनुसूची ९ मा उल्लेखित विषयहरु समावेश गर्नुपर्नेछ ।

(२) बचत तथा ऋणको विषयगत संस्था बाहेक उत्पादक संस्था, सेवामूलक संस्था, बहुउद्देश्यीय संस्था र श्रमिक संस्थाले आफ्नो विनियममा बचत तथा ऋणको कारोबारलाई मूख्य उद्देश्यमा समावेश गर्नु हुदैन ।

(३) सहकारी संस्थाको प्रकृति हेरि दर्ता गर्ने अधिकारीले थप विषयहरु विनियममा समावेश गर्ने गरी तोक्न सक्नेछ ।

(४) साधारण सभामा विनियम परिमार्जन सम्बन्धी प्रस्ताव पेश गर्नु अघि संस्थाले परिमार्जन गर्न लागेको विषयमा कार्यालयमा सैद्धान्तिक स्वीकृतिका लागि पेश गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम विनियम परिमार्जनमा सैद्धान्तिक स्वीकृति माग भएमा कार्यालयले त्यस्तो स्वीकृति दिने वा दिन नमिल्ने भए कारण सहितको जानकारी सम्बन्धित संस्थालाई ७ दिन भित्र दिनुपर्नेछ ।

(६) उपनियम (५) मा स्वीकृत प्राप्त भएमा सोही बमोजिम र कारण खोली अस्वीकृत भएमा सोही बमोजिम परिमार्जन गरी विनियम परिमार्जनका लागि साधारण सभामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

**१४. <u>संयुक्त रुपमा वा साझेदारीमा कारोबार, व्यवसाय, परियोजना सञ्चालन</u> :** (१) ऐनको दफा (१२) को उपदफा (१) बमोजिम दुई वा दुई भन्दा बढी संस्थाहरुले आर्थिक, सामाजिक र पूर्वाधार विकासमा सहयोग हुने गरी साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि देहाय बमोजिमका आधारमा कारोबार, व्यवसाय वा उद्योग वा परियोजनाहरु सञ्चालन गर्न सक्नेछन्ः-

(क) सम्बन्धित संस्थाको उत्पादनमा मूल्य श्रृङ्खला विकास, बजार पहुँच वा निर्यात प्रबन्धको प्रयोजन हुनुपर्ने,

(ख) प्रस्तावित कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, सञ्चालन विधि, सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण प्रणाली, प्रतिफल वितरण लगायत व्यावसायिक प्रस्तावनाको विस्तृत रूपरेखा तयार गरिएको हुनुपर्ने,

(ग) प्रस्तावित संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएको हुनुपर्ने,

(घ) खण्ड (ख) बमोजिमको प्रस्तावना, सम्बद्ध संस्थाहरू प्रत्येकको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट पारित भएको हुनुपर्ने,

(ङ) खण्ड (घ) बमोजिम पारित प्रस्तावना संयुक्त रूपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बन्धमा सम्बद्ध संस्थाहरू वीच कम्तीमा पाँच वर्षको करार बन्दोबस्त भएको हुनुपर्ने,

(च) प्रचलित कानून बमोजिम शिखर नगरपालिका वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय स्वीकृति वा दर्ता गर्नुपर्ने भए गरिएको हुनुपर्ने,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, सहमति वा स्वीकृति लिनुपर्ने भए लिएको हुनुपर्ने,

(२) उपनियम (१) को अधीनमा रही अन्तर सहकारी सहयोगको भावनाले आवश्यकता अनुसार एकै विषयगत वा फरक विषयगत वा विषयगत र बहुउद्देश्यीय संस्था वा संघहरू मिली संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्न सक्नेछन् ।

(३) उपनियम (१) बमोजिम कार्य पूरा गरी सम्बन्धित संघ, संस्थाहरूले तत्सम्बन्धी सम्पूर्ण कागजात संलग्न राखी दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदन उपर दर्ता गर्ने अधिकारीले तीस दिनभित्र आवश्यक जाँचबुझ गरी संयुक्त रूपमा वा साझेदारीमा कारोबार, उद्योग वा व्यवसाय सञ्चालन गर्ने अनुमति दिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम अनुमति दिएकोमा दर्ता गर्ने अधिकारीले सोको अभिलेख छुट्टै दर्ता किताबमा दर्ता गरी राख्नुपर्नेछ ।

(६) यस नियम बमोजिम दर्ता भएको संयुक्त वा साझेदारी कारोबार वा व्यवसाय वा उद्योग वा परियोजनाले नियमित रुपमा प्रगति प्रतिवेदनका साथै वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(७) संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालनका सम्वन्धमा नगरपालिकाले आवश्यक शर्त र मापदण्ड तोक्न सक्नेछ ।

(८) बचत तथा ऋण सहकारी संस्थाहरुले संयुक्त उद्योगमा लगानी गर्ने शेयर रकम सम्बन्धित संस्थाको जगेडा कोषको २५ प्रतिशतभन्दा बढी नहुने गरी लगानीको प्रबन्ध मिलाउनु पर्नेछ । तर बचत तथा ऋण भन्दा बाहेकका सहकारीलाई भने सो भन्दा बढी लगानी गर्न बाधा पुगेको मानिने छैन ।

## परिच्छेद - ३

## सदस्यता

**१५. संघ वा सहकारी बैंकको सदस्यता सम्बन्धी व्यवस्था :** (१) ऐनको दफा ६ बमोजिम दर्ता भएको सहकारी संस्थाले देहायको प्रकृया पूरा गरी दर्ता भएको ६ महिना भित्र कम्तिमा एक तह

माथिल्लो सम्बन्धित विषयगत संघको सदस्यता लिनुपर्नेछ । यस नियमावली जारी हुन पूर्व दर्ता भई कुनै संघमा आबद्ध नभएका संस्थाहरुले समेत नियमावली लागू भएको एक वर्षभित्र अनिवार्य सम्बन्धित संघमा आवद्ध हुनुपर्नेछ ।

(२) सहकारी संघ वा सहकारी बैकको सदस्य लिनका लागि सम्बन्धित संस्थाको सञ्चालक समितिबाट निर्णय भएको हुनुपर्नेछ ।

(३) सम्बन्धित विषयको संघ बाहेक अन्य विषयगत संघमा सदस्यता लिन पाउने छैन । तर सहकारी संघ संस्थाको प्रवर्द्धनको लागि गठित सहकारी बैकहरुको भने सदस्यता लिन बाधा पर्ने छैन ।

(४) सम्बन्धित संघ वा बैकको विनियममा उल्लेखित आधार र प्रक्रिया पूरा भएको हुनुपर्नेछ ।

## परिच्छेद - ४

## साधारण सभा, योग्यता र बैठक

१६. **साधारण सभा सम्वन्धी व्यवस्था :** ऐनको दफा २५, २६, २७, २८, २९ मा भएको व्यवस्थाका अतिरिक्त साधारण सभा सम्बन्धी व्यवस्था निम्नानुसार रहेको छ ।

(१) साधारण सभाको कार्यसूची सहितको सूचना सभा हुनुभन्दा कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभाको हकमा कार्यसूची सहितको सूचना सभा हुनुभन्दा कम्तीमा ७ दिन अगावै सदस्यको ठेगानामा पुग्ने गरी पठाउनु पर्नेछ । यसरी सूचना सम्प्रेषण गर्दा पत्राचार, एस.एम.एस., एफ.एम, रेडियो, पत्रपत्रिका, टेलिभिजन, सामाजिक सञ्जाल, विद्युतीय माध्यम लगायत सम्भव भएसम्म स्थानीय सञ्चारका बहुमाध्यमबाट दिनुपर्नेछ । सूचनामा सभा बस्ने मिति, समय, स्थान र सभामा प्रस्तुत हुने प्रमुख विषयहरु समावेश गर्नु पर्नेछ ।

(२) समितिले साधारण सभाको बैठकमा पेश गरिने विषयको प्रस्ताव, वार्षिक प्रतिवेदन साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरुलाई बैठक बस्ने दिन अगावै यथासक्य उपलब्ध गराउनुपर्दछ वा सजिलै उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनुपर्दछ ।

(३) सामान्यतया निर्वाचन कार्यक्रम भएको साधारण सभा वोलाए पछि नयाँ सदस्यता दिने कार्य निर्वाचन हुने १ महिना अगावै देखि स्थगन राख्नु पर्नेछ ।

(४) साधारण सभाको बैठकको निर्णय प्रमाणित गर्नका लागि बैठकमा उपस्थित सञ्चालकहरुका साथै सञ्चालक समितिका कूल सदस्य संख्या भन्दा एकजना बढी हुने गरी सभामा उपस्थित सदस्यहरुमध्येबाट सभाले चुनेका सदस्यहरुले प्रत्येक पानामा सहिछाप गरी प्रमाणित गर्नुपर्दछ ।

(५) ऐनको दफा (२९) को उपदफा (६) बमोजिम दुई हजार भन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा हुनुभन्दा एक महिना अगाडि देखि नै तोकिएको कार्यसूचीमा छलफल

गर्ने गरी वडा वा पायक पर्ने स्थानमा सदस्यहरुलाई भेला डाकी क्षेत्रीय सभा गर्न सञ्चालक र लेखा सुपरिवेक्षण समितिको प्रतिनिधीको रोहवरमा तोकिएको विषयहरु उपर छलफल गर्ने, संक्षिप्त प्रतिवेदन तयार गर्ने र उपस्थित सदस्यहरु मध्ये १० जना सदस्य बराबर १ जना हुने गरी अन्तिम साधारण सभाको लागि प्रतिनिधि छनौट गरी प्रतिनिधीमूलक साधारण सभाको व्यवस्था गर्नुपर्नेछ ।

(६) अन्तिम साधारण सभाको बैठकमा क्षेत्रीय सभाबाट प्रतिनिधिको रुपमा छनौट भई आएका सदस्य स्वयं उपस्थित हुनुपर्नेछ ।

(७) साधारण सभाको निर्णय प्रमाणीकरणका लागि सभाबाट छनौट भएका प्रतिनिधी सहितको सञ्चालकहरुले प्रमाणित गरेको अन्तिम प्रतिवेदन साधारण सभा सम्पन्न भएको १५ दिनभित्र कार्यालयमा पेश गर्नुपर्नेछ ।

(८) साधारण सभा संचालन भड्किलो र खर्चिलो रुपमा गर्नु हुदैन । त्यसो गरेको पाइएमा कार्यालयले सचेत गराउन सक्नेछ । सभामा गरिने खर्चको मापदण्ड तयार गरी वार्षिक कार्यक्रम तथा वजेटमा समावेश गर्ने साथै खर्च गर्ने स्पष्ट आधार, जिम्मेवारी तथा खर्चको सीमा समितिबाट पूर्व निर्णय गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(९) साधारण सभामा पेश भएका एजेण्डाका विषयमा छलफल गर्ने पर्याप्त समय उपलब्ध गराउनका लागि सामान्यतया उद्घाटन सत्र बढीमा दुई घण्टा भित्र सक्ने गरी व्यवस्थापन गर्नुपर्नेछ ।

१७. **<u>निर्वाचन सम्बन्धी व्यवस्था</u> :** (१) संस्थाको साधारण सभाबाट संचालक समिति र लेखा सुपरीवेक्षण समितिका निर्वाचन गर्न विनियममा उल्लेख भए बमोजिम निर्वाचन उपसमिति गठन गर्नु पर्नेछ । उक्त उपसमितिले स्वीकृत निर्वाचन निर्देशिकाको आधारमा मतदाता नामावली प्रकाशन, उमेदवारको दरखास्त, दावी विरोध, मतदान, मतगणना, निर्वाचन परिणामको घोषणा लगायत अन्य आवश्यक विषय समावेश गरी निर्वाचन कार्यक्रम प्रकाशित गर्नुपर्नेछ ।

(२) निर्वाचन अधिकृतले संस्थाका आधिकारिक पदाधिकारीको हस्ताक्षर भएको प्रमाणित मतदाता नामावली बुझि लिनुपर्नेछ ।

(३) सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिमा उम्मेदवार हुनेले अनुसूची १० मा तोके बमोजिमको ढांचामा दरखास्त दिनु पर्नेछ । उम्मेदवारले दरखास्त दिदा एक जना प्रस्तावक र एक जना सर्मथक हुनु पर्नेछ । कुनै उम्मेदवारको लागि प्रस्तावक वा समर्थक भएको व्यक्ति अर्को उमेदवारको समर्थक वा प्रस्तावक हुन पाउने छैन ।

(४) निर्धारित निर्वाचन कार्यक्रम अनुसारका प्रक्रियाहरु पुरा नगरी गरिएको निर्वाचन वैधानिक हुने छैन । सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका निर्वाचित पदाधिकारीहरु तथा सदस्यहरुलाई संस्थाको नियम बमोजिम सपथ ग्रहण गराई निर्वाचित भएको प्रमाणपत्र निर्वाचन उपसमितिले दिनुपर्नेछ ।

(५) निर्वाचन सम्बन्धी सबै कागजपत्र तथा निर्णयहरु सील गरी प्रमाणित गराई ३ महिनासम्म सुरक्षित राख्नु पर्नेछ ।

(६) सामान्यतया निर्वाचन उपसमिति गठन गर्दा सहकारी संघ, सरकारी निकायका कर्मचारी, अधिवक्ता तथा विषय विज्ञहरुको प्रतिनिधी मध्ये कुनै एकजना अनिवार्य समावेश हुने गरी व्यवस्थापन गर्नुपर्नेछ ।

**१८. सञ्चालकहरुको योग्यता सम्बन्धी व्यवस्था :** (१) संचालक समितिमा निर्वाचित हुनका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

(क) संचालक समितिमा निर्वाचित हुन सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको कम्तिमा तीन वर्ष पुगेको हुनुपर्नेछ तर प्रारम्भिक साधारण सभाबाट निर्वाचित हुने समितिका पदाधिकारी तथा सदस्यहरुको हकमा यो नियम लागू हुने छैन ।

(ख) संस्थालाई तिर्नु, बुझाउनु पर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको हुनुपर्नेछ । बैंक तथा वित्तिय संस्थाबाट कर्जा लिई कालो सूचीमा नपरेको हुनुपर्नेछ ।

(ग) सहकारी संस्थाको सञ्चालकको लागि कम्तिमा सहकारी व्यवस्थापन सम्बन्धी तालिम लिएको हुनुपर्नेछ । यस भन्दा अगाडि दर्ता भई सञ्चालनमा रहेका सहकारीले यो नियमावली प्रारम्भ भएको मितिले ६ महिनाभित्रमा आफ्ना सञ्चालकहरुको लागि सो सम्बन्धी तालिमको व्यवस्था गर्नुपर्नेछ ।

(घ) सञ्चालकहरु मध्ये कम्तिमा एक जना सञ्चालक जुन विषयको सहकारी हो, सो सम्बन्धी ज्ञान हासिल गरेको हुनुपर्नेछ ।

**१९. लेखा सुपरिवेक्षण समितिका पदाधिकारीको योग्यता :** (१) लेखा सुपरिवेक्षण समितिमा निर्वाचित हुनका लागि देहाय बमोजिमको योग्यता हुनु पर्नेछ ।

(क) सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको कम्तिमा तीन वर्ष पुगेको हुनुपर्नेछ, तर प्रारम्भिक साधारण सभाबाट निर्वाचित हुने लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरुको हकमा यो नियम लागू हुने छैन ।

(ख) संस्थालाई तिर्नु, बुझाउनु पर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको हुनुपर्नेछ ।

(ग) संस्थाले आफै वा अन्य निकायले आयोजना गरेको लेखापालन वा पर्ल्स विश्लेषण वा लेखापरिक्षणसंग सम्बन्धित तालिम लिएको हुनुपर्नेछ । यस भन्दा अगाडि दर्ता भई सञ्चालनमा रहेका संस्थाले यो नियमावली प्रारम्भ भएको मितिले ६ महिनाभित्रमा आफ्नो लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको लागि सो सम्बन्धी तालिमको व्यवस्था गर्नुपर्नेछ ।

(घ) लेखा सुपरिवेक्षण समितिमा कम्तिमा एकजना सदस्य लेखा सम्वन्धी ज्ञान भएको सदस्य निर्वाचित गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

२०. **सञ्चालक समितिको बैठक :** (१) सञ्चालक समितिको बैठक अध्यक्षको निर्देशनमा समितिको सचिवले मिति, समय, स्थान र छलफलका विषय तोकी बोलाउनु पर्नेछ ।

(२) सञ्चालक समितिको बैठक मासिक रुपमा बस्नेछ तर दुई बैठक बीचको अवधि ४५ दिनभन्दा बढी हुनुहुदैन तर समितिले उचित ठानेमा आवश्यकतानुसार सोभन्दा बढी पटक समेत बैठक बस्न सक्नेछ ।

(३) उपनियम (२) को अवधिभित्र उपनियम (१) बमोजिमको बैठक नबोलाईएमा बहुमत सदस्यले हस्ताक्षर गरी बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछ र त्यस्तो अनुरोध प्राप्त भएमा अध्यक्षले सात दिनभित्र बैठक बोलाउनुपर्दछ ।

(४) उपनियम (३) बमोजिमको बैठक नबोलाइएको अवस्थामा बहुमत सञ्चालक सदस्यहरु उपस्थित भई ज्येष्ठ सञ्चालकले बैठकको अध्यक्षता गर्ने गरी बैठक राख्नसक्नेछ ।

(५) समितिको बैठकको निर्णय सोहि दिन लिखत गरी अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत सञ्चालकहरुबाट प्रमाणित गर्नुपर्नेछ ।

(६) समितिको बैठकको गणपुरक संख्या समितिको कूल सदस्य संख्याको बहुमत हुनेछ।

(७) बैठकको अध्यक्षता समितिको अध्यक्षले, निज उपस्थित नभएमा उपाध्यक्षले र निज समेत उपस्थित नभएमा सञ्चालकहरु मध्ये ज्येष्ठ सदस्यले गर्नेछ ।

२१. **लेखा सुपरिवेक्षण समितिको बैठक :** (१) सामान्यतया लेखा सुपरिवेक्षण समितिको बैठक कम्तिमा तीन महिनामा एक पटक बस्नुपर्नेछ । आवश्यकता अनुसार सोभन्दा बढी पनि बस्न सक्नेछ । लेखा सुपरिवेक्षण समितिको बैठकको छुट्टै अभिलेख राख्नु पर्नेछ ।

(२) लेखा सुपरिवेक्षण समितिले कम्तिमा प्रत्येक त्रैमासिकमा आन्तरिक लेखा परिक्षण प्रतिवेदन सञ्चालक समिति समक्ष बुझाउनुपर्दछ । साथै अनुसूची ११ को ढाँचामा त्रैमासिक एवं वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको बैठक छुट्टै बस्नुपर्दछ, तर वार्षिक समिक्षा, योजना निर्माण जस्ता बैठकहरुमा संयुक्त रुपमा समेत बस्न सक्नेछ ।

२२. **उद्देश्य विपरित कार्य गरेको मानिने :** (१) बचत तथा ऋणको मूख्य कारोबार गर्ने बहुउद्देश्यीय वा विषयगत संस्थाले ऐनको दफा (३९) को उपदफा (२) मा निर्धारित समयभित्र बचत तथा ऋणको मूख्य कारोबार नहुने गरी दर्ता हुँदाको बखतमा उल्लेख गरिएको मूख्य कारोबार नगरेको खण्डमा त्यस्तो संस्थाले ऐनको दफा (६६) को उपदफा (३) को खण्ड (ग) को प्रयोजनार्थ उद्देश्य विपरित कार्य गरेको मानिनेछ ।

२३. **वित्तीय प्रतिवेदन पेश तथा सार्वजनिक गर्नुपर्ने :** (१) बचत तथा ऋणको मूख्य कारोबार गर्ने सहकारी र अन्य विषयगत सहकारी संस्थाले नगरपालिकाले तोकेको ढाँचामा वार्षिक साधारण सभा पश्चात कम्तिमा १ पटक स्थानीय वा राष्ट्रिय पत्रपत्रिका मार्फत आफ्नो वित्तीय तथा प्रगति विवरण सार्वजनिक गर्नुपर्नेछ ।

(२) सहकारी संस्थाका लेखा सुपरिवेक्षण समितिले वार्षिक रुपमा वित्तीय तथा प्रगति प्रतिवेदन साधारण सभा मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

(३) सहकारी संस्थाले मासिक रुपमा वित्तीय तथा प्रगति विवरणको प्रतिवेदन तयार गरि सहकारी शाखामा पेश गर्नुपर्नेछ र वित्तीय तथा प्रगति प्रतिवेदनको संक्षिप्त अंश सबै सदस्यहरुले देख्नेगरि संस्थाको सूचना पाटीमा टाँस गरि राख्नुपर्नेछ ।

## परिच्छेद - ५

## बचत तथा ऋण परिचालन

२४. **बचत तथा ऋणको कारोबार सम्वन्धी बिशेष व्यवस्था :** सबै प्रकृतिका सहकारी संस्थाहरुले वित्तीय (बचत तथा ऋणको) कारोबार सञ्चालन गर्दा देहायका मापदण्डभित्र रहि कार्यान्वयन गर्नुपर्दछ ।

(१) रु. १० लाखभन्दा बढीको बचत निक्षेप स्वीकार गर्दा सम्पत्ति शुद्धिकरण निवारण निर्देशिका बमोजिम आयस्रोत खुल्ने गरी लेखा राख्ने व्यवस्था गर्नुपर्दछ ।

(२) रु. १० लाखभन्दा बढीको ऋण लगानीमा अनिवार्य सूचिकृत अनुमति प्राप्त मूल्याँकनकर्ता (भ्यालुयटर) बाट धितो मूल्याँकन गरी लगानी गर्नुपर्दछ ।

(३) संस्थाका सञ्चालक एवं लेखा समितिका ४९ प्रतिशतभन्दा बढी पदाधिकारीहरुलाई एकै अवधिमा ऋण लगानी गर्न पाईने छैन ।

(४) संस्थाका सञ्चालक, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, सल्लाहकार, उपसमितिका पदाधिकारी तथा कर्मचारी र तिनका परिवार समेतले लिएका कर्जा कारोबारको विवरण अर्धवार्षिक रुपमा तोकिएको ढाँचामा कार्यालयमा बुझाउनु पर्दछ

(५) संस्थाले आफ्ना सदस्यहरुलाई ऋण लगानी गर्दा उचित धितो, जायजेथा र बचत निक्षेप रोक्का राखी ऋण लगानीको व्यवस्था मिलाउनुपर्दछ । धितो तथा जायजेथा जमानी नभएका सदस्यहरुका लागि स्वीकृत नीति तथा कार्यविधी बमोजिम बढीमा २ लाख सम्मको रकम सदस्यहरुको सामुहिक जमानी रहने गरी बिना धितो लघु ऋण लगानी गर्न सक्नेछ तर नेपाल सरकार, प्रदेश सरकार र शिखर नगरपालिकाले सञ्चालन गरेका कोष तथा अन्य दातृ निकायबाट सहकारी मार्फत प्रदान गरिने बिनाधितो सहुलियतका ऋणको हकमा भने सोभन्दा बढी लगानी गर्न बाधा पर्नेछैन ।

(६) सहकारी संघ संस्थाहरुले आफ्ना सदस्यहरुलाई चल अचल सम्पत्ति (घर जग्गा आदि) रोक्का राखी ऋण लगानी गर्दा निजको नाममा मुलुकभरको जुनसुकै स्थानमा रहेको घर जग्गा वा अन्य सम्पत्ति सुरक्षणको रुपमा लिन सक्नेछ । उक्त सम्पत्ति सम्बन्धित मालपोत कार्यालय वा रोक्का राख्ने कार्यालयबाट रोक्का राखी लिनुपर्नेछ तर कार्यक्षेत्रभन्दा बाहिरको घर जग्गा रोक्का रहने सदस्यको स्थायी ठेगाना वा स्थायी बसोवास भने सम्बन्धित सहकारीको स्वीकृत कार्यक्षेत्रभित्र रहेको हुनुपर्दछ ।

(७) कर्जामा समदर तथा चक्रबृद्धि ब्याज लगाउन पाईने छैन, साथै कर्जा तथा बचतमा ब्याजदर निर्धारण गर्दा सदस्यहरुबीच विभेदकारी व्यवस्था र व्यवहार गर्न पाईने छैन । तर सदस्यहरुलाई वित्तीय अनुशासनमा राख्न र कर्जाको किस्ता नियमित गराउन किस्ता नियमित नगर्ने तथा कर्जाका भाखा नघाउने सदस्यहरुको हकमा भने वार्षिक साधारण सभाले पारित गरेको कर्जा नीतिका आधारमा तोकिएको हर्जाना लिन बाधा पर्नेछैन ।

(८) सदस्यहरुलाई आधुनिक एवं प्रतिस्पर्धी विधुतीय वित्तीय सेवा प्रदान गर्न विश्वसनीय, भरपर्दो एवं रजिष्टर्ड कम्पनीहरुसंग सम्झौता गरी सफ्टवेयर, ईन्टरनेट बैंकिङ, एस.एम.एस.सेवा, मोबाईल बैंकिङ तथा एटिएम सेवा जस्ता आधुनिक प्रविधि सञ्चालन गर्न सक्नेछ, तर सो सेवाहरु प्रदान गर्नु पूर्व संस्थाको वित्तीय सक्षमता, सेवाको निरन्तरता एवं सदस्यहरुको मागलाई समेत ध्यान दिई कार्यविधि निर्माण गरी कार्य गर्नुपर्दछ ।

(९) संस्थाको सञ्चालन खर्चको सीमा कूल सम्पत्तिको ५ प्रतिशत हुने गरी व्यवस्थापन गर्नुपर्नेछ ।

(१०) संस्थाले कूल सम्पत्तिको ५ प्रतिशतमा नबढ्ने गरी मात्र आय आर्जन नगर्ने सम्पत्ति खरिद वा व्यवस्था गर्न सक्नेछ तर घर जग्गा कोष खडा गरेर सदस्यहरुको योगदानका आधारमा आय आर्जन नगर्ने घर जग्गा खरिद वा भवन निर्माण गर्न यस प्रावधानले बाधा पर्ने छैन ।

(१) कूल सम्पत्तिको ५ प्रतिशतमा नबढ्ने गरी मात्र बाह्य कर्जा लिनुपर्नेछ ।

(२) कूल सम्पत्तिको १० प्रतिशत तरलता व्यवस्थापन गर्नुपर्नेछ ।

(३) असल कर्जाको १ प्रतिशत, १२ महिनासम्म भाखा नाघेको कर्जाको ३५ प्रतिशत र १२ महिना भन्दा बढी भाखा नाघेको कर्जाको लागि १०० प्रतिशत कर्जा जोखिम कोषको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।

(४) बचत तथा ऋणको वित्तिय कारोवार गर्ने संस्थाले गर्न नहुने कामहरु :

(क) वासलात वाहिरको कारोवारहरु (जस्तै प्रतितपत्र, जमानत आदि) ।

(ख) सदस्यहरुलाई अधिविकर्ष कर्जा प्रवाह गर्न पाउनेछैन तर कूल कर्जा रकममा बढीमा १० प्रतिशतमा ननाघने गरी एक वर्षे अवधिको लागि ब्याज मात्र तिर्न पाउने सुविधाको कर्जा प्रवाह गर्न भने वाधा पर्नेछैन ।

(ग) व्यापारिक उद्देश्यले घर जग्गाको खरिद बिक्रि तथा संचालकहरुको लगानीमा खोलिएको निजी उद्योग व्यवसायमा लगानी ।

(घ) स्पष्ट नीति अनुसार गरिने लघु कर्जा कार्यक्रम बाहेक बिना सुरक्षणमा कर्जा प्रवाह ।

(ङ) सुनचाँदी र शेयर प्रमाणपत्र मात्र धितो राखी कर्जा प्रवाह ।

(च) चल्ती खाता संचालन गर्ने ।

(छ) विदेशी मुद्राको कारोवार वा मुद्रा विनिमय ।

(ज) चिट्ठा, ढिकुटी तथा उपहार योजना संचालन ।

(झ) कार्यक्षेत्र बाहिरका र सदस्य बाहेकका व्यक्ति तथा निकायसँगको कारोवार ।

**२५. सेवा वा व्यवसायको परीक्षण सम्वन्धी व्यवस्था :** (१) सहकारी संघ संस्थाको नियमित सुपरीवेक्षण नगरपालिकाले पारित गरेको कार्यविधि र मापदण्ड बमोजिम हुनेछ ।

(२) परीक्षण कार्यक्रम सञ्चालन गर्ने कार्यका लागि आवश्यकतानुसार प्रदेश सरकार, संघीय सरकार तथा सहकारी संघहरु र सहकारी बैकसंग समन्वय गरिनेछ ।

(३) बचत तथा ऋणको कारोबार गर्ने सहकारी बाहेकका उत्पादन, सेवा तथा श्रममा आधारित सहकारी संस्थाहरुले ऐनको दफा (७१) बमोजिम नगरपालिकाको समन्वयमा वार्षिक रुपमा आफ्नो व्यवसाय तथा सेवाको गुणस्तरको मापन तथा जाँच गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) संघ संस्थाहरुको सुपरीवेक्षण शुल्क नगरपालिकाले कारोवारका आधारमा तोक्न सक्नेछ । यस्तो शुल्क सम्बन्धित संस्थाले वहन गर्नुपर्नेछ ।

(५) बचत तथा ऋणको कारोवार गर्ने संस्थाहरुको नियमित सुपरीवेक्षण गर्ने व्यवस्था नगरपालिकाले गर्नु पर्नेछ ।

(६) नगरपालिका भित्र केन्द्रिय कार्यालय भएको तर कार्यक्षेत्र नगरपालिका भन्दा बाहिर भएको संस्थाको नियमित सुपरीवेक्षण गर्ने कार्यको समन्वय नगरपालिकाले गर्नेछ ।

(७) सहकारी संस्थाको सघन अनुगमन पश्चात देहायको अवस्थामा एकीकरण वा विघटनको आदेश दिन सक्नेछ र यस्तो आदेशका पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ :

(क) संस्थाको विगत ३ वर्षको अवधिमा कारोवार र सदस्यता बृद्धि १० प्रतिशत भन्दा कम भएमा,

(ख) दोहोरो सदस्यता भएका एउटै कार्यक्षेत्रमा सञ्चालनमा रहेका संस्थाहरु बीच,

(ग) सुपरीवेक्षण प्रतिवेदनका आधारमा संस्थाको व्यवस्थापन कमजोर भई सुधारको सम्भावना नभएमा,

(घ) विगत ३ वर्षदेखि संस्थाको वित्तीय कारोवार नभएको वा वित्तीय अवस्था ऋणात्मक रहेको र समितिको नियमित बैठक तथा समन्वय भएको नदेखिएमा ।

## परिच्छेद - ६

## कोष सम्बन्धी व्यवस्था

२६. **कोष सम्बन्धी व्यवस्था :** (१) ऐनको दफा ४७ को उपदफा (२) (क) बमोजिम सहकारी संस्थाको एक आर्थिक वर्षको (मुनाफा) खुद बचतको रकमबाट कम्तीमा २५% (पच्चिस प्रतिशत) जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सोबाट कम्तीमा २५% (पच्चिस प्रतिशत) रकम ऐनको दफा (४८) बमोजिम संरक्षित पूँजी फिर्ता कोष र ०.५% (शुन्य दशमलव पाँच प्रतिशत) ले हुन आउने रकम सहकारी प्रवर्द्धन कोषमा छुट्ट्याएर बाँकी रहेको रकमलाई शतप्रतिशत मानी देहायको कोषहरुमा कम्तिमा ५% (पाँच प्रतिशत) हुने गरी वितरणको व्यवस्था गर्नुपर्दछ ।

(क) शेयर लाभांश कोष

(ख) कर्मचारी बोनस कोष

(ग) सहकारी शिक्षा कोष

(घ) स्थिरिकरण कोष

(ङ) घाटा पूर्ति कोष

(च) सामुदायिक विकास कोष

(छ) सहकारी विकास कोष

(ज) अन्य जोखिम व्यवस्थापन कोष

(२) उपनियम (१) को खण्ड (ख) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढीमा तीन महिनाको तलबभन्दा बढी नहुने गरी वितरण गर्नुपर्नेछ ।

(३) ऋण सुरक्षण कोषको लागि संस्थाको विनियममा तोकिए बमोजिम व्यवस्था गर्नुपर्नेछ ।

(४) सहकारी प्रवर्द्धन कोष र स्थिरिकरण कोषको व्यवस्थापन संघीय सहकारी ऐन र प्रदेश सहकारी ऐनमा व्यवस्था भए बमोजिम परिचालन हुनेछ भने अन्य कोषहरु संस्थाको सञ्चालक समितिले संस्थाको हितको लागि आवश्यक कार्यविधि बनाई परिचालन गर्न सक्नेछ ।

२७. **संरक्षित पूँजी फिर्ता कोष वितरणका आधार :** (१) ऐनको दफा ४८ को उपदफा (३) बमोजिम संरक्षित पूँजी फिर्ता कोषको वितरण गर्दा देहाय बमोजिमको वार्षिक कारोबारको आधार लिनुपर्नेछ ।

(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई बिक्री गरेको उपजको खरिद मूल्य ।

(ख) वित्तीय संस्थामा सदस्यले जम्मा गरेको बचतमा प्राप्त ब्याज र लिएको ऋणमा तिरेको ब्याज ।

(ग) उपभोक्ता सम्वन्धी संस्थामा सदस्यले संस्थासंग खरिद गरेको वस्तु वा सेवाको मूल्य ।

(घ) श्रमिक सम्वन्धी संस्थामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला ।

(ङ) बहुउद्देश्यीय संस्थामा खण्ड (क), (ख), (ग) र (घ) मा उल्लेख भए बमोजिम

(२) उपनियम (१) को खण्ड (क) मा जुनसुकै व्यवस्था गरिएको भए तापनि उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामग्री बिक्री गरेकोमा त्यस्तो कारोबारलाई समेत गणना गर्न सकिनेछ ।

(३) उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको व्याजको आधारमा संरक्षित पूँजी फिर्ता दिइनेछैन ।

(४) उपनियम (१) को खण्ड (ख) बमोजिम कोषको रकम वितरण गर्दा बचतमा प्राप्त गरेको ब्याज तर्फ ४० प्रतिशत र ऋणमा तिरेको ब्याज तर्फ ६० प्रतिशत भार दिई गणना गरिनेछ ।

(५) गत आर्थिक वर्षको कारोबारको संरक्षित पुँजी फिर्ता कोषको रकम चालू आर्थिक वर्षभित्र वितरण गरिसक्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम कुनै आर्थिक वर्षमा वितरण हुन नसकी बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा सार्नुपर्नेछ ।

२८. **अभिलेख व्यवस्थापन :** (१) ऐनको दफा ५१ को उपदफा (२) बमोजिम सहकारी संस्थाले आफ्नो कार्यसञ्चालन अभिलेखका साथै आफुले गरेको कारोबारको लेखा संघीय कानूनले तोकेको लेखामान (एकाउन्टिङ स्ट्याण्डर्ड) तथा ढाँचामा राख्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम अभिलेख तथा लेखा राख्दा अन्य कुराका अतिरिक्त देहायका किताब, खातावही तथा विवरण समेत राख्नुपर्नेछ ।

(क) अनुसूची ३, बमोजिमको सदस्यता दर्ता किताब

(ख) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा, विशेष साधारण सभा र संचालक समिति, लेखा सुपरिवेक्षण समिति, उप-समितिहरूको बैठकहरूको छुट्टाछुट्टै निर्णय तथा कारबाई किताब,

(ग) नगदी वही,

(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संस्था वा संघ वा निकायसँग कुनै कारोबार गरेको भए सो कारोबार देखाउने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात (स्टक) दर्ता किताब,

(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) बेरुजु एवं सम्परीक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्वसम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरू,

(ञ) सम्बन्धित निकाय वा मन्त्रालयले तोकेको ढाँचा बमोजिमको हिसाब परीक्षण सूची, आय-व्यय र स्थिति विवरण पत्र,

(ट) समय समयमा सम्बन्धित निकाय वा मन्त्रालयहरुले तोकिदिएको अन्य अभिलेख एवं खाताहरू ।

(३) रु. ५ करोड भन्दाबढी जायजेथा भएका सहकारी संस्थाले उपनियम (१) बमोजिम राख्नुपर्ने अभिलेख सम्बन्धित निकाय वा मन्त्रालयले तोके बमोजिमको निर्धारक पूरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका (एप्लिकेशन सफ्टवेयर) मा समेत व्यवस्थित गर्नुपर्नेछ ।

(४) सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोबारको विवरण सम्बन्धित निकाय वा मन्त्रालयले तोकेको व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा समेत अनिवार्य प्रविष्ट गर्नुपर्नेछ । तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानून बमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(५) सहकारी संस्थाले आधारभूत अभिलेख तथा कारोबारको विवरण पृष्ठसुरक्षा ( ब्याकअप) व्यवस्था सहित संरक्षण गर्नु पर्नेछ ।

## परिच्छेद - ७

## संस्था एकीकरण, छुट र अनुदान

२९. **सहकारी संस्थाको एकिकरण :** (१) ऐनको दफा ६४ बमोजिम दुई वा दुईभन्दा बढी संस्थाहरु एकिकरण गर्दा देहायका शर्तहरु पूरा भएको हुनुपर्नेछ ।

(क) कार्यक्षेत्र एक अर्कोसंग खप्टिएको वा जोडिएको हुनु पर्नेछ ।

(ख) एकै विषय वा प्रकृतिका संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृतिको भए तापनि मूलतः एकै विषयमा प्रतिस्पर्धा भएको हुनु पर्नेछ ।

(ग) सदस्यको प्रत्यक्ष सहभागिता एवं लोकतान्त्रिक नियन्त्रण कायम रहनु पर्नेछ ।

(घ) सदस्यहरुको साझा बन्धन समान हुनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम एकिकरण गर्दा साधारणतया मौजूदा संस्थाको कार्यक्षेत्रको आधारमा नगरपालिकाको वडाहरु भित्र पर्ने गरी गरिनेछ । दुवै संस्थाको सञ्चालक समितिले एकिकरण कार्यको लागि छुट्टाछुट्टै एकिकरण कार्यदल गठन गर्नुपर्नेछ ।

(३) नगरपालिका कार्य क्षेत्र भएका एकिकरणमा जाने संस्थाहरुले आ-आफ्नो सञ्चालक समितिबाट निर्णय गराई आवश्यक कार्य अगाडि बढाउनका लागि नगरपालिका सहकारी शाखाको पूर्व स्वीकृति लिनुपर्दछ । साथै नगरपालिका कार्यक्षेत्रभित्र भएका सहकारी संस्थाले पालिका स्तरीय सहकारी वा प्रदेश स्तरीय सहकारीसंग एकिकरण गर्नु परेमा समेत नगरपालिका सहकारी शाखाको पूर्व स्वीकृती लिएर मात्र कार्य अगाडि बढाउनु पर्नेछ ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाको पूर्व स्वीकृति बिना मिति २०४९ साल जेठ २ गते भन्दा अगाडी दर्ता भएका साझा (सहकारी) संस्थाहरुलाई एकिकरण गर्न वा त्यस्तो संस्थाको घर जग्गा लगायत स्थिर सम्पत्ति बेचविखन गर्न वा धितो राख्न वा पाँच वर्षभन्दा बढी अवधिको लागि लिजमा राख्न दिनु हुदैन ।

(५) महिला मात्रको सहकारी संस्थाको एकिकरण गर्दा सम्भव भएसम्म महिला सहकारीसंग एकिकरण गर्न प्राथमिकता दिनुपर्नेछ । विशेष रुपमा पिछडिएका समुदायमा स्थापित सहकारी संस्थाको सांगठानिक गतिशिलतामा असर पर्ने गरी एकिकरण गरिने छैन ।

(६) पूर्व स्वीकृति लिईसकेका सहकारी संस्थाहरुले सञ्चालक समितिहरुको संयुक्त बैठकले एकिकरणको निम्ति आवश्यक शर्त र कार्यविधी तयार पार्न बढीमा ५ सदस्यीय संयुक्त एकिकरण कार्यदल गठन गरी कार्यदलका प्रतिवेदनका आधारमा एकिकरण हुने संस्थाहरुको संयुक्त लेखापरिक्षण गराई आ-आफ्नो साधारण सभाबाट स्वीकृति गरी संयुक्त साधारण सभाबाट बाँकी कार्य सम्पादन गराउनुपर्दछ ।

(७) एकिकरणका लागि अन्य प्रक्रिया सहकारी संघ/संस्था एकिकरण सम्वन्धी कार्यविधि, २०७० ले तोके बमोजिम गर्नुपर्नेछ । नगरपालिकाले कुनै थप शर्त, आधार, कार्यविधि तोक्नुपर्ने भएमा दर्ता गर्ने अधिकारीले तोक्न सक्नेछ ।

**३०. रजिष्ट्रेशन छुट सम्बन्धी व्यवस्था :** (१) संस्थाले आफ्नो प्रयोजनको लागि घर जग्गा खरिदमा रजिष्ट्रेशन शूल्क छुट सुबिधाको सिफारिस माग गर्दा स्रोतको आधार खुलाई माग गर्नु पर्नेछ । विभागले जारी गरेको मापदण्ड, कार्यालयको निर्देशन र सहकारीको मूल्य र सिद्धान्तहरुको पालना नगरेको पाइएमा यस्तो सुबिधा उपलब्ध गराइने छैन । वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको हकमा जगेडा कोषको ५० प्रतिशत वा संस्थागत पूँजी र कूल सम्पत्तिको अनुपात १:१० कायम गरी थप पूँजि निर्माण गरेर मात्र घर जग्गा खरिद गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट सुबिधाका लागि साधारण सभाको स्वीकृति, घर जग्गा खरिदका लागि पर्याप्त जगेडा कोष वा शेयर पूँजी भए नभएको विवरण प्रमाणित हुने लेखापरीक्षण प्रतिवेदन र हालको कारोवार खुल्ने कागजात, प्रचलित मूल्य प्रमाणित हुने कागजात, संचालक समितिको निर्णय र यस अघि छुट सुबिधा लिई खरिद गरेको घर जग्गाको विवरण पेश गर्नु पर्नेछ । छुट सुबिधामा खरिद गरिने घर जग्गा संस्था/संघको कार्यालय, पसल, गोदाम र मेशिनरी जडान एवं प्रमुख उद्देश्य अनुरुपको काम गर्ने प्रयोजनका लागि मात्र हुनेछ । उद्देश्य विपरितको कार्यमा छुट सुबिधामा खरीद गरिएको सम्पत्तिको प्रयोग गरिएको पाइएमा छुट भएको राजस्व सरकारी बाँकी सरह असुल उपर गर्न सम्बन्धित निकायमा लेखी पठाइनेछ ।

**३१. सहुलियत, अनुदान तथा छुट सुविधा प्राप्ती :** (१) ऐनको दफा ५७ को उपदफा (१), र (२) मा उल्लेखित छुट सुविधा र सहुलियत स्थानीय राजपत्रमा प्रकाशित सूचना बमोजिम हुनेछ ।

(२) एक सहकारी एक उत्पादन अवधारणालाई विशेष प्राथमिकता दिईनेछ । सहकारी संघ वा संस्थाले सञ्चालन गर्ने विभिन्न परियोजनाहरु जस्तै : उत्पादन, बजारीकरण, सहुलियत पसल, बिउ बिजन, प्रशोधन, सेवा आदि सञ्चालन गर्न तथा सहकारी व्यवसाय प्रवर्द्धन गर्न देहाय बमोजिम अनुदान दिन सक्नेछ ।

(क) बीउपूँजी अनुदान

(ख) पूँजीगत अनुदान

(ग) कार्यक्रम अनुदान

(घ) प्राविधिक सहयोग

(३) उपनियम (२) बमोजिम प्रदान गरिने अनुदान नगरपालिकाले निर्धारण गरेको कार्यविधि बमोजिम हुनेछ ।

(४) उत्पादन, बजारीकरण, प्रशोधन वा विविध सेवा व्यवसाय सञ्चालन गर्ने सहकारीले आवश्यकता बमोजिम सम्बन्धित निकायको स्वीकृति लिई आफ्नो कार्यक्षेत्रभन्दा बाहिरको

स्थानमा समेत उद्योग, प्लान्ट, उत्पादन स्थल, सहुलियत पसल, प्रशोधन केन्द्र स्थापना तथा सञ्चालन गर्न नगरपालिकाबाट सहजीकरण गर्न सक्नेछ।

३२. **संस्थाहरुको वर्गिकरण सम्बन्धी व्यवस्था :** नगरपालिकाले सहकारी संस्थाहरुको संस्थागत पूँजी, शेयर पूँजी, बचत रकम, ऋण कारोवार, रोजगारी प्रवर्द्धन, मुनाफा, कर योगदान, सेवा अवधि र सदस्य संख्याको आधारमा कार्यविधी निर्माण गरी स्तरीकरण वा वर्गिकरण गर्न सक्नेछ।

## परिच्छेद - ८

## ऋण असुली र लिलामी

३३. **ऋण तथा बाँकी बक्यौता असुली :** (१) ऐनको दफा ५८ बमोजिम संस्था वा संघको बाँकी बक्यौता असुल उपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी असुल उपर गर्दा संस्था वा संघले देहायका कार्यविधि अपनाउनु पर्नेछः

(क) बाँकी बक्यौता तिर्न बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा पैंतीस दिनभित्र तिर्न बुझाउनु पर्ने रकम तिर्न, बुझाउन आउनु र उक्त रकम तिरी बुझाइ सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी पूर्जी पठाउनु पर्नेछ।

(ख) खण्ड (क) बमोजिम म्याद पूर्जी जारी गरिएकोमा उक्त म्याद भित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन नआएमा वा तिरी बुझाइसकेको प्रमाण पेश नगरेमा निजको नाउँमा लिलाम बिक्री गर्ने सूचना प्रकाशित गर्नु पर्नेछ।

(ग) धितो राखेको घर जग्गा जमीन मालपोत कार्यालयबाट रोक्का गराइएको छैन भने रोक्का गर्न लगाई त्यसको प्रमाण राख्नु पर्नेछ।

(घ) धितो राखेको चल-अचल सम्पत्तिको लिलाम बिक्रीको सूचना प्रकाशित गर्नु पर्दा धितोको विवरण, निजले बुझाउनु पर्ने साँवा, व्याज र हर्जानाको रकम समेत उल्लेख गरी सूचना प्रकाशित गरेको मितिले चल सम्पत्ति भए पन्ध्र दिनभित्र र अचल सम्पत्ति भए पैंतीस दिन भित्र लिलाम बिक्रि गरी साँवा व्याज र हर्जनाको रकम असूल उपर गर्ने बारेको सूचना संस्थाको कार्यालय, सम्बन्धित वडा कार्यालय, सार्वजनिक स्थान र सम्बन्धित ऋणीलाई बुझाई वा पत्र बुझ्न नमानेको हकमा घरद्वारमा टाँस गरी स्थानीय वा राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रपत्रिकामा प्रकाशित गर्नु पर्नेछ।

(ङ) लिलाम बिक्रि गर्नु पूर्व संस्थामा रहेको धितोको प्राविधिक मूल्यांङ्कन गर्नु पर्नेछ।

(च) लिलाम बिक्री गर्दा कार्यालय खुल्ने समयदेखि शुरु गरी बन्द हुने समय भन्दा एक घण्टा अगाडि समाप्त गर्नु पर्नेछ तर लिलाम बिक्री हुने भनी तोकिएको दिन बिदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्री गर्नु पर्नेछ।

(छ) धितो लिलाम बिक्रीको लागि सम्बन्धित वडाको निर्वाचित प्रतिनिधि, स्थानीय तहको मालपोत हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक, सहकारी संघका प्रतिनिधि, सम्बन्धित संस्थाको व्यवस्थापक वा सञ्चालक समितिका पदाधिकारी सहितको समितिले चलनचल्तीको मोल कायम गरी सोही रकमबाट डाँक बढाबढ गरी शुरु गर्नुपर्नेछ । डाँक बोल्न उपस्थित भई डाँक बढाबढ गर्ने व्यक्तिहरू मध्ये सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृति गर्नुपर्नेछ । तर, सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उप समितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउने छैन ।

(ज) डाँक बोल्न शुरु गरी बढाबढ गर्नेले डाँक अंक बोलेपछि विनियम र कार्यविधीले तोके बमोजिमको ढाँचाको फाराममा निजले बोलेको अंक स्पष्ट खोली निजको सही छाप गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लिलाम बिक्री गर्दा जिल्ला प्रशासन कार्यालय वा लिलाम बिक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय र शिखर नगरपालिका वा मातहतका वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी मुचुल्का गराई लिलाम बिक्री गर्नु पर्नेछ ।

(३) लिखित रूपमा अनुरोध गर्दा पनि उपनियम (२) मा लेखिएका कुनै कार्यालयको प्रतिनिधि खटी नआएमा उपस्थित प्रतिनिधि र शिखर नगरपालिका वा मातहतका वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी लिलाम बिक्री गर्नुपर्नेछ ।

(४) बाँकी बक्यौता असुल उपर गर्न जुन व्यक्तिको चल अचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम बिक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनु पर्नेछ तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन ।

**३४. लिलाम बिक्री स्थगित गर्न सक्ने :** लिलाम बिक्रीको सूचना प्रकाशित भैसकेपछि मुनासिव माफिकको कुनै कारण परी सो लिलाम बिक्री स्थगित गर्नु पर्ने देखिएमा लिलाम बिक्रीको सूचना प्रकाशित गर्ने सहकारी संस्थाले त्यस्तो लिलाम बिक्री केही समयको लागि स्थगित गर्न सक्नेछ ।

**३५. असुल उपर हुन नसकेको रकम अरू जायजेथाबाट असुल उपर गर्ने :** (१) धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा आएको रकमबाट साँवा, व्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा बाँकी बक्यौता असुल उपर गर्नु पर्ने व्यक्तिको हक भोगको नेपालको जुनसुकै ठाउँमा रहेको सम्पत्तिबाट ऐनको दफा ५८ को कार्यविधि अपनाई लिलाम बिक्री गरी असुल उपर गर्नुपर्नेछ ।

(२) मोहीले लिएको ऋणको हकमा निजले कमाएको बाली लिलाम बिक्री गरी साँवा, व्याज र हर्जानाको रकम असुल उपर गर्नुपर्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुने दिनसम्मको साँवा, व्याज र हर्जानाको रकम असुल उपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ ।

(४) कुनै ऋणीको लागि अर्को सदस्यले धन जमानत दिएको अवस्थामा ऋणीको निमित्त जमानत दिने व्यक्तिको दायित्व जमानत दिएको रकमको हदसम्म मात्र सीमित रहनेछ ।

३६. **लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्ने :** (१) लिलाम बिक्रीको कार्य सकिना साथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मुल्यको १० प्रतिशत रकम उसै दिन धरौटीको रूपमा लिई राख्नु पर्नेछ र बाँकी ९० प्रतिशत रकम लिलाम सकारेको मितिले सात दिनभित्र बुझाइ सक्नु पर्नेछ । उक्त म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी वापत राखेको रकम जफत हुने व्यहोराको कागज गराई राख्नु पर्नेछ ।

(२) लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम उसै दिन नबुझाएमा निज पछि सबैभन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ ।

(३) लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको पूरा मूल्य बुझाएमा निजको नाउँमा सो जायजेथामा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज समेत गरी दिनको लागि सहकारी संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

३७. **लिलाम बिक्री नभएमा जायजेथा सहकारी संस्थाको स्वामित्वमा रहने** : नियम ३२ बमोजिम लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारी संस्थाले उक्त जायजेथाको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित कार्यालयहरुले सहकारी संस्थाको जनाउबमोजिम आफ्नो कार्यालयमा रहेको स्रेस्तामा तदनुसार रजिष्ट्रेशन वा दाखिला खारेज गरिदिनु पर्नेछ ।

३८. **कर्जा सूचना केन्द्र तथा कालो सूची सम्बन्धी व्यवस्था :** (१) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको ऋण प्रवाहमा शुद्धता र उपयुक्तता कायम गर्ने प्रयोजनको लागि सो सम्बन्धी सूचना व्यवस्थापन र समय समयमा कर्जा नतिर्ने ऋणीहरुको कर्जाको सूचना प्राप्त गर्न तथा कर्जा दुरुपयोग गर्ने ऋणीहरुको कालो सूची तयार गर्ने कामलाई नियमित तथा व्यवस्थित गरी एउटै स्थानबाट सूचना प्राप्त गर्ने, गराउने कार्य संघिय कानूनमा तोकिए बमोजिम हुनेछ ।

(२) नगरपालिकामा सञ्चालनमा रहेका सहकारी संस्थाहरुको समन्वयमा आवश्यकता बमोजिम कालो सूचीमा सूचीकृत गर्नुपर्ने ऋणी सदस्यहरुको अभिलेख कार्यविधि बनाई स्थानीय रुपमा छुट्टै सूचना केन्द्र स्थापना गरी व्यवस्थित गर्न सक्नेछ । कालोसूचीमा राखिने ऋणी सदस्यहरुको अभिलेखको गोपनियता कायम गर्ने व्यवस्था नगरपालिका सहकारी शाखाले गर्नेछ ।

३९. **सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्था :** ऐनको दफा ४० बमोजिम सन्दर्भ ब्याजदर निर्धारण गर्दा देहायको आधार वा प्रदेश तथा संघीय कानूनले व्यवस्था गरे बमोजिम हुनेछ ।

(क) सन्दर्भ व्याजदर संघीय सरकार एवं प्रदेश सरकारले तोके बमोजिम लागू गरिनेछ ।

(ख) बचत र ऋणको औसत व्याजदरको अन्तर ६ प्रतिशतको हुनेछ ।

(ग) यस नियम बमोजिम सन्दर्भ व्याजदर निर्धारण गरिएको जानकारी सम्बन्धित सरोकारवाला सहकारी संघ/संस्थाहरुलाई विभिन्न संचार माध्यमको साथै पत्र पत्रिकामा समेत प्रकाशित गरी गर्नुपर्नेछ ।

(घ) सन्दर्भ ब्याजदर निर्धारण सम्बन्धी अन्य व्यवस्था सम्बन्धित सहकारी संघ एवं सरोकारवालासँग छलफल गरी कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ९

## निरीक्षण तथा अनगुमन

४०. **निरीक्षण तथा अनगुमन प्रतिवेदन :** (१) ऐनको दफा ७१ को उपदफा (७) बमोजिम सहकारी संस्थाहरुमा गरिने निरीक्षण तथा अनुगमन पश्चात पेश गर्ने प्रतिवेदनमा समावेश गर्नुपर्ने विषयहरु दर्ता गर्ने अधिकारीले तोके बमोजिम हुनेछ ।

(२) नगरपालिकाले अनुसूची १२ को अनुगमन फारामको आधारमा संस्थाको अनुगमन गर्नेछ ।

४१. **एजेन्सी वा स्वीकृति लिई काम गर्न सक्ने :** नगरपालिकामा दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुले आफ्नो व्यवसाय विस्तार तथा प्रवर्द्धन गर्न र सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयनका लागि बीमा कम्पनी, कृषि उत्पादन, व्यावसायिक प्रतिष्ठान वा कम्पनीको उत्पादन वा सेवाको बजारीकरण, बिक्री वितरण र व्यवस्थापन गर्न सहकार्यमा काम गर्न सक्नेछ, तर उक्त सहकार्य वा कामको थालनी गर्नु पूर्व नगरपालिकाबाट स्विकृती लिनुपर्नेछ ।

## परिच्छेद - १०

## विविध

४२. **अन्तर सहकारी कारोबार :** (१) ऐनको दफा ९४ बमोजिम अन्तरसहकारी कारोबार गर्दा संलग्न संस्थाहरुको विनियममा निर्धारित सदस्यहरुको आवश्यकताको आधार लिएको हुनुपर्नेछ ।

(२) अन्तर सहकारी कारोबारमा संलग्न बिभिन्न संस्थाहरुले आफ्ना सदस्यहरुबाट उत्पादित वस्तु, उपज अग्रणी संस्था (लिड कोअपरेटिभ) को अवधारणाबाट कुनै एक संस्था मार्फत संकलन, प्रशोधन एवं बजारीकरण गर्न व्यवस्था मिलाउने गरी एकिकृत योजना सञ्चालन गर्न सक्नेछन् ।

(३) नगरपालिकाले कार्यपालिकाको निर्णय बमोजिम सहकारीका संघहरुसंग परामर्श गरी स्थानीय उत्पादनको मूल्य श्रृंखला विकाससंग सम्बन्धित अन्तर सहकारी कारोबारलाई बढावा दिनेगरी संयोजन गर्न सक्नेछ ।

(४) सहकारी संस्थाले विनियममा व्यवस्था गरी विद्युतीय प्रणाली मार्फत आफ्ना सदस्यहरुले नेपालभरको कुनै एक स्थानको सहकारीबाट अर्को स्थानमा रहेको आफ्नो सहकारीको खातामा पैसा जम्मा गर्न वा भुक्तानी लिन सक्ने गरी अन्तर सहकारी कारोबार गर्न सक्नेछ ।

(५) सहकारी बैक तथा सहकारी संघहरुको नियमित कार्यमा बाझिने गरी अन्तर सहकारी बचत ऋण र शेयर खरिद बिक्री गर्न पाउने छैन ।

(६) अन्तर सहकारी कारोबार सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले स्वीकृत गरेको कार्यविधि बमोजिम हुनेछ ।

४३. **विवाद निरुपण समितिको व्यवस्था :** (१) सहकारी सञ्चालन सम्बन्धमा कुनै विवाद भएमा सो समाधान गर्नका लागि विवाद निरुपण समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) सहकारीको क्षेत्रमा ज्ञान, अनुभवका साथै मेलमिलाप सम्बन्धी सीप र दक्षता भएको नगरवासी मध्येबाट कार्यपालिकाले तोकेको व्यक्ति - संयोजक

(ख) दर्ता गर्ने अधिकारी - सदस्य

(ग) सम्बन्धित सहकारी संघका प्रतिनिधी - सदस्य

(२) उपनियम (१) बमोजिमको समितिले विवादसंग सम्बन्धित सहकारी संस्थाका एक/एक प्रतिनिधीहरुलाई बैठकमा आमन्त्रित गर्नुपर्नेछ ।

(३) उपनियम (१) बमोजिमको विवाद निरुपण समितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ ।

(४) विवाद निरुपण समितिमा समाधान हुन नसक्ने विषयहरु नगरपालिका न्यायिक समितिले अन्तिम किनारा लगाउन सक्नेछ ।

४४. **दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार :** ऐनको दफा ६९ मा व्यवस्था भए बमोजिम दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) सहकारी संस्था दर्ता गर्नका लागि परेका दरखास्त उपर आवश्यक जाँचबुझ गरी निर्णयार्थ कार्यपालिकाको बैठकमा पेश गर्ने र निर्णय पश्चात दर्ता प्रमाणपत्र दिने ।

(ख) ऐन र यस नियमावलीको अधिनमा रहि सहकारी संस्थाले आफ्नो कार्य सञ्चालन गर्न बनाएको विनियम स्वीकृत गर्ने ।

(ग) ऐन र विनियमको अधिनमा रहि सहकारी संस्थाको एकिकरण, विभाजन, कार्यक्षेत्र पूनःनिर्धारण गर्ने, सेवा केन्द्र थपघटको कार्य गर्ने ।

(घ) नियमित रुपमा सहकारी संस्थाको निरिक्षण, नियमन, हिसाब जाँच गर्नुका साथै स्थापित सूचना प्रणालीका आधारमा सहकारी संस्थाहरुको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने ।

(ङ) सहकारी संस्थाको लेखापरिक्षणको नियमित अनुगमन गरी निर्धारित अवधिभित्र लेखापरिक्षण नगराउने सहकारी संस्थाहरुको लेखापरिक्षण गराउने ।

(च) विपन्न ग्रामिण महिला, अपाङ्गता भएका व्यक्ति, मुक्त कमैया, हलिया, भूमिहिन, कृषक, बेरोजगार श्रमिक युवा, द्वन्द्व पिडीत, दलित तथा अल्पसंख्यक जनजाति समेतका सीमान्तकृत समूहको खेतीपाती वा सदस्यको श्रम वा सीपमा आधारित स्वरोजगारीका उद्योगधन्दा प्रवर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जूमा गरी स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने ।

(छ) सहकारी संस्थाहरुको विकास, प्रवर्द्धन, स्तरीकरण, सुशासन, व्यावसायिकरण र दिगो सञ्चालनका लागि सहकारी सिद्धान्त, मूल्य मान्यता र आदर्श बमोजिम आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

(ज) सहकारी शिक्षा तथा तालिम कार्यक्रमहरुको तर्जूमा गरी सञ्चालन गर्ने ।

(झ) ऐन, नियमावली र यस अर्न्तगत बनेका मापदण्ड, निर्देशिका, कार्यविधि र विनियम बमोजिम कार्य नगर्ने सहकारी संस्थाहरुलाई ऐनमा भए बमोजिम जरिवाना र अन्य कारबाही गर्ने ।

(ञ) सहकारी शाखा अर्न्तगतको नीति, कार्यक्रम र बजेटको मस्यौदा तयार पारि कार्यपालिकाको बैठकमा पेश गर्ने ।

(ट) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सहकारी संस्थाको वार्षिक निरिक्षण प्रतिवेदन नगरपालिकामा पेश गर्ने ।

(ठ) ऐन, नियमावली र यस अर्न्तगत बनेका निर्देशका, कार्यविधि, मापदण्ड तथा कार्यपालिकाबाट प्राप्त निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने ।

**४५. श्रम ऐन लागु हुने :** सहकारी संघ संस्थाहरुले संस्थामा कार्यरत कर्मचारीहरुको रोजगारीको हित र सम्मानको न्यूनतम मापदण्ड पूरा गर्नुपर्दछ । श्रम ऐन, २०७४, बोनस ऐन, २०३० तथा प्रचलित कानूनले व्यवस्था गरे बमोजिम कर्मचारी प्रशासन नियमावली बनाई उनीहरुको सेवा, सुविधा, कर्तव्य र अधिकारको सुनिश्चितता गराउनुपर्दछ ।

४६. **सहकारी शिक्षाको व्यवस्था :** नगरपालिकामा सञ्चालित सहकारी संघ संस्थामा आबद्ध सदस्य एवं कर्मचारी र स्थानीय नागरिकहरुलाई सहकारी शिक्षाको बारेमा सुसूचित गराउन तपसिल बमोजिम विशेष प्रबन्ध मिलाईनेछ ।

(क) नगरपालिका सहकारी शाखा मातहत तालिम केन्द्र र सहकारी सूचना केन्द्रको स्थापना ।

(ख) सहकारी संस्थाको सञ्चालक, कर्मचारीहरुलाई लक्षित गरी सहकारी व्यवस्थापन, प्रशिक्षक प्रशिक्षण, नेतृत्व विकास, पर्ल्स विश्लेषण तथा अनुगमन, रणनैतिक योजना निर्माण, संस्थागत विकास तालिम, उद्यमशीलता विकास, लगानी प्रवर्द्धन, ऋण परिचालन, विकास प्रशिक्षक आदि विषयको क्षमता अभिबृद्धि हुने तालिम ।

(ग) सहकारीका सदस्य र स्थानीय नागरिकहरुका लागि नियमित रुपमा सहकारी सचेतना तथा वित्तीय साक्षरता सम्बन्धी तालिम ।

(घ) नगरपालिका क्षेत्रका सामुदायिक एवं संस्थागत विद्यालयहरुमा सहकारी पाठ्यक्रममा आधारित विषयको पठनपाठनमा जोड ।

(ङ) संघीय तथा प्रदेश सरकारले सञ्चालन गर्ने सहकारी सम्बन्धी शैक्षिक क्रियाकलापको प्रमाणीकरण सम्बन्धी कार्य गरिनेछ ।

(च) सहकारी शिक्षा तथा प्रशिक्षणका क्रियाकलापहरुको स्तरोन्नतिका लागि सहकारी संघ संस्थाहरुलाई मार्गनिर्देशन गर्ने र स्थानीय प्रशिक्षकहरु तयार गर्ने ।

(छ) सहकारीका सदस्यहरुका लागि सहयोगी संस्थाहरुसँग समन्वय गरी रकम परिचालन, सेवा सुविधा विस्तार सम्बन्धि तालिम ।

४७. **प्रोत्साहन गर्ने व्यवस्था:** (१) नगरपालिकाले वार्षिक कार्यक्रममा व्यवस्था गरी सहकारी क्षेत्रमा उल्लेख्य योगदान गर्ने व्यक्ति, सहकारी संस्था वा निकायलाई कदरपत्र, नगर पुरस्कार वा दुवै गरी सम्मान वा पुरक्कृत गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सम्मान वा पुरस्कृत गर्दा व्यक्ति, सहकारी संस्था वा निकायको लागि छुट्टाछुट्टै आधारहरु तय गरी स्वीकृत गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम प्रोत्साहनयोग्य व्यक्ति, सहकारी संस्था वा निकायको छनौट गर्न नगरपालिकामा एक समिति रहनेछ ।

(४) उपनियम (३) बमोजिमको समितिले आफ्नो कार्यबिधि आफै तय गर्न सक्नेछ ।

४८. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने :** नगरपालिकाले आवश्यक देखेमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरि अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

४९. **<u>बचाउ</u> :** यस अघि यस नियमावलीको प्रतिकूल नहुने गरी भए गरेका काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची १

### (नियम ६ को उपनियम (१) (क) संग सम्बन्धित)

### दर्ता दरखास्तको नमूना

मिति : २०....।.....।....

श्री दर्ता गर्ने अधिकारीज्यू,
शिखर नगरपालिका,
सुदूरपश्चिम प्रदेश, डोटी नेपाल ।

विषय : सहकारी संस्थाको दर्ता ।

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौँ ।

संस्था सम्बन्धी विवरण :

(क) प्रस्तावित संस्थाको नाम :-
(ख) ठेगाना :-
(ग) उद्देश्य :-
(घ) मुख्य कार्य :-
(ङ) कार्यक्षेत्र :-
(च) दायित्व :-
(छ) सदस्य सङ्ख्या :-
(१) महिला ...... जना (२) पुरुष ....... जना (३) अन्य ............ जना (४) जम्मा ....... जना
(ज) प्राप्त शेयर पूँजीको रकम :– रु. ......
(झ) प्राप्त प्रवेश शुल्कको रकम :- रु. ......
आवेदकहरुको तर्फबाट-
नाम :
हस्ताक्षर :
पद : तदर्थ संचालक समितिका अध्यक्ष
(प्रस्तावित .......................सहकारी संस्था लिमिटेड)

(द्रष्टव्य : दरखास्तका साथ रु १०।- को टिकट टांस गर्नु पर्नेछ ।)

# अनुसूची २

## (नियम ६ को उपनियम (१) (ख) संग सम्बन्धित)

## सम्भाव्यता अध्ययन प्रतिवेदनको विषयवस्तु

(१) परिचय :

(२) संस्था गठन गर्नुपर्नाको कारण :

(३) सदस्यताको जनसाङ्खिक आधार :

(४) सहभागिताको औचित्य :

(५) व्यावसायिक सम्भाव्यता :

५.१ सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमानः

५.२ सदस्यहरूको संरक्षण (Patronage) सुनिश्चित गर्ने आधारहरूः

५.३ कारोबारबाट हुने बचत (Surplus) को प्रक्षेपण :

६. पूँजी आवश्यकता र स्रोत :

६.१ आवश्यकताको अनुमान :

६.२ स्रोत :

६.३ पूँजी परिचालनका तर्कसम्मत आधारहरू :

७. बजार विश्लेषण :

७.१ नजिकको बजार :

७.२ टाढाको बजार :

७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा टिक्ने आधारहरू :

८. कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको संख्या, सेवा र सदस्यताको प्रकारमा प्रस्तावित संस्थाको औचित्य :

९. पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरूमा संलग्न हुन नसक्ने कारण :

१०. महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरू :

१०.१ जनशक्ति व्यवस्था :

१०.२ संस्थाको विकास र स्थायित्वका आधारहरू :

(द्रृष्टव्य : प्रथम र दोश्रो प्रारम्भिक भेलाले गरेको निर्णयको तदर्थ समितिको अध्यक्षले प्रमाणित गरेका प्रतिलिपिहरु १/१ प्रति पेश गर्नु पर्नेछ ।)

# अनुसूची ३

## (नियम ६ को उपनियम (१) (ग) संग सम्बन्धित)

### आवेदकहरूको विवरण फाराम

| क्र. सं. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | आवेदकको नाम, थर | उमेर | ठेगाना | पेशा | सदस्यले लिन स्वीकार गरेको शेयरको विवरण | | | सम्पर्क नं. | आवेदकको दस्तखत | औठाको छाप | फोटो र फोटोमा पर्ने गरी शेयर सदस्यको सहीछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रति शेयर रकम रु. | खरिद शेयर संख्या | शेयरको जम्मा रकम रु. | | | | |
| १. | | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | | | |

(द्रष्टव्य : हरेक पृष्ठको अन्तमा तदर्थ संचालक समितिका अध्यक्षले दस्तखत गरी प्रमाणित गर्नु पर्नेछ।)

# अनुसूची ४

## (नियम ६ उपनियम (१) (घ) सँग सम्बन्धित)

## व्यावसायिक कार्ययोजनाको ढाँचा

संस्था/संघको नाम :-

ठेगाना :- शिखर नगरपालिका वडा नं. ..... टोल : ................

डोटी, सुदूरपश्चिम प्रदेश ।

**क. उद्देश्यः-**

(१) ............... ................. ................. ..................

(२) ............... ................. ................. ..................

(३) ............... ................. ................. ..................

**ख. कार्यहरूः-**

(१) ............... ................. ................. ..................

(२) ............... ................. ................. ..................

(३) ............... ................. ................. ..................

**ग. आगामी ३ वर्ष पछिको अवस्था प्रक्षेपणः**

**(१) सदस्यता विस्तार लक्ष्यः**

| क.सं. | विवरण | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सदस्य संख्या | | | | | |
| | १. | महिला | | | | |
| | (२) | पुरुष | | | | |
| | जम्मा | | | | | |
| (२) | सदस्य संख्या प्रतिशतमा | | | | | |
| | (१) दलित | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (२) अल्पसंख्यक | | | | |
| | (३) जनजाती | | | | |
| | (४) ब्राह्मण, क्षेत्री | | | | |
| | (५) अन्य | | | | |
| | जम्मा | | | | |

**(२) व्यवसायिक सेवा बिस्तार लक्ष्यः**

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्यको उत्पादन खरिद | | | | |
| परिणाम | | | | |
| रकम रु. | | | | |
| लाभान्वित हुने सदस्य जना | | | | |
| सदस्यलाई वस्तु वा सेवा विक्री | | | | |
| परिमाण ( ........) | | | | |
| रकम रु. | | | | |
| लाभान्वित हुने सदस्य जना | | | | |
| सदस्यलाई रोजगारीको सृजना<br>प्रत्यक्ष पूर्णकालिन (......जना)<br>अप्रत्यक्ष पूर्णकालिन वर्षमा २०८० घण्टाको १ जनाको हिसावमा जम्मा<br>(......जना) | | | | |
| सदस्यलाई ऋण सेवा (वार्षिक)<br>रकम रु. ................जनाः ........ | | | | |

| | | | | |
|---|---|---|---|---|
| सदस्यलाई बचत सेवा (वार्षिक) रकम रु. जनाः ..... | | | | |
| | | | | |

**(३) सहकारी गतिविधि विस्तार लक्ष्यः-**

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्यको शिक्षा (वार्षिक जना) खरिदः | | | | |
| टोल उपक्षेत्रिय सदस्य बैठकहरु आयोजना वार्षिक पटकः | | | | |
| सामुदायिक विकासका योजनाहरु पटकः | | | | |

**घ. पूँजीको श्रोत र उपयोग :-**

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| आवश्यकताः | | | | |
| स्थिर पूँजीतर्फ (घर, जग्गा, कारखाना, उपकरण, फर्निचर, आदिः | | | | |
| चालु पूँजीतर्फ (मौज्दात मालसामान, उधारो, बिक्री, नगद मौज्दात आदिः | | | | |
| ऋण तर्फः | | | | |
| जम्माः | | | | |
| श्रोतः | | | | |
| शेयर पूँजीः | | | | |
| जगेडा कोषः | | | | |

| | | | | |
|---|---|---|---|---|
| अन्यः | | | | |
| सदस्यको बचत (सदस्यहरुलाई ऋण दिन मात्र) | | | | |
| जम्मा | | | | |

**ङ. कार्यान्वयन जिम्मेवारी बाँडफाँड**

(१) सञ्चालक समितिको जिम्मेवारीः....

(२) गाउँ/टोल/उपक्षेत्रीय बैठकको जिम्मेवारीः......

(३) लेखा सुपरिवेक्षण समितिको जिम्मेवारीः.....

(४) व्यवस्थापन कर्मचारीको जिम्मेवारीः......

**च. कार्ययोजनाबाट सदस्यहरुको जीवनमा पार्ने प्रभावका सूचकहरुः**

**छ. कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेही स्थापना विधिः**

(दृष्टव्य : तदर्थ संचालक समितिका पदाधिकारीहरुले प्रत्येक पृष्ठमा हस्ताक्षर गरेको प्रस्तावित संस्थाको २ प्रति कार्ययोजना पेश गर्नु पर्नेछ ।)

## अनुसूची ५

## (नियम ६ को उपनियम (१) (ङ) सँग सम्बन्धित)

### शेयर रकमको भर्पाईको नमूना

भर्पाई दादै प्रस्तावित ................... सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका ........ श्री ............................आगे उक्त सहकारी संस्था लि. का सदस्यहरूको......... प्रारम्भिक भेलाको मिति.............को निर्णय बमोजिम प्रति शेयर रु...........।- का दरले ......... जनाबाट जम्मा ............. कित्ताको हुन आउने जम्मा रकम रु.......... (अक्षरुपि .................. मात्र) र प्रवेश शुल्क प्रति व्यक्ति रु..........।- का दरले हुन आउने रु..........।- (अक्षरुपि....................मात्र) गरी जम्मा रु..........।- (अक्षरुपि...................मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भर्पाईमा सही छाप शिखर नगरपालिकाको कार्यालयमा पेश गरेको छु ।

प्राप्त रकम हाल मैले (मेरो नाममा रहेको ............. बैंक लि. को ........ हिसाब नं.................... मा जम्मा गरी बैंक भौचर दाखिला गरेको छु । उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राख्नेछु र संस्थाको बैंक खाता खोलेपछि तत्कालै दाखिला गर्नेछु । फरक परेमा कानून बमोजिम कारवाही भएमा मेरो मञ्जुरी छ ।

इति संवत् २०..... साल.........महिना .....गते रोज............शुभम् ।

## अनुसूची ६

### (नियम ६ को उपनियम (१) (च) सँग सम्बन्धित)

### तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण फाराम

| क्र. सं. | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | संचालकको नाम, थर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहालरहने अवधी | औंठाको छाप | सही | हालसालै खिचिएको फोटो र फोटोमा पर्ने गरी सहिछाप | सम्पर्क नंम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | | | |
| ८. | | | | | | | | | | | | | | |
| ९. | | | | | | | | | | | | | | |
| १०. | | | | | | | | | | | | | | |

...............................

## अनुसूची ७

## (नियम ६ को उपनियम (१) (छ) संग सम्बन्धित)

## स्व-घोषणा-पत्रको नमुना

प्रस्तावित श्री ............................ सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका आवेदकहरूले प्रचलित कानूनसम्मत सहकारी संस्था स्थापना गरी आफनो आर्थिक र सामाजिक उत्थान गर्ने कार्यकारण बाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लेखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौः-

हामी आवेदकहरू कोही पनिः-

१. यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौं,

२. बैंक, वित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था/संघ/राष्ट्रिय सहकारी बैंकको कानून बमोजिम कालो सूचीमा परेका व्यक्ति छैनौं,

३. यस अघि सहकारी संस्था खोली सदस्यहरूको रकम हिनामिना गरी कारबाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौं,

४. सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौं ।

५. अन्य सहकारी संस्थाको संचालक वा लेखा सुपरिवेक्षण समितिको पदाधिकारीको रुपमा आवद्ध नभएको,

६. सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानून बमोजिम स्वावलम्बन र पारस्परिकताको भावनाबाट आफनो बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं ।

उपर्युक्त ब्यहोरा ठीक, साँचो हो । झुट्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला भनी सहीछाप गर्नेः–

| सि.नं. | पद | सदस्यको नाम, थर | नागरिकता नं. र लिएको जिल्ला | हालको ठेगाना | सम्पर्क नम्बर | सहीछाप |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |

(द्रष्टव्यः- आवेदक सबै शेयर सदस्यहरुको नामावली अभिलेखन गरी दस्तखत गराउनु पर्नेछ ।)

## अनुसूची ८

## (नियम ६ को उपनियम (१) (ज) संग सम्बन्धित)

## अधिकार प्रत्यायोजन पत्रको नमूना

मितिः २०.....।.......।

श्री दर्ता गर्ने अधिकारीज्यू,
शिखर नगरपालिका,
तल्कोट, डोटी, सुदूरपश्चिम प्रदेश ।

विषयः- अधिकार प्रत्यायोजन ।

महोदय,

यस प्रस्तावित........................ सहकारी संस्था लि. को मिति २०......।.....।..... मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम-कारवाही गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका तपसिलमा उल्लेखित पदाधिकारीहरुलाई अधिकार प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

निजहरूले हाम्रो प्रतिनिधिको रूपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामीले मञ्जुर गर्दछौ ।

अधिकार प्रत्यायोजन गरिएका पदाधिकारीहरुः

| क्र.सं. | पद | नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अधिकार प्रत्यायोजन गर्ने शेयर सदस्यहरूको नाम,थर, ठेगाना र सहीछापः

| क्र.सं. | नाम,थर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| १. | | | |

| | | | |
|---|---|---|---|
| २. | | | |
| ३. | | | |

(द्रष्टव्यः- अधिकार प्रत्यायोजन-पत्रमा आवेदक सबैको विवरण समावेश गरी सबै आवेदकहरुले दस्तखत गर्नुपर्नेछ ।)

## अनुसूची ९

### (नियम ६ को उपनियम (१) (झ) र नियम १३ को उपनियम (१) सँग सम्बन्धित)

### विनियममा उल्लेख गर्नुपर्ने मूख्य शिर्षक तथा विषयहरू

श्री ....................सहकारी संस्था लिमिटेडको

विनियम, २०.....

प्रस्तावनाः

१. संक्षिप्त नाम र प्रारम्भ
२. संस्थाको नाम र ठेगाना
३. परिभाषा
४. उद्देश्य
५. कार्य
६. कार्यक्षेत्र
७. संस्थाको सदस्य
८. सदस्यताको योग्यता
९.सदस्यताका लागि निवेदन र प्राप्ति
१०. सदस्यताको अन्त्य
११. सदस्यको निष्कासन
१२. सदस्यताबाट राजीनामा
१३. पुनः सदस्यता
१४. सदस्यको काम, कर्तव्य र अधिकार
१५. सदस्यता खुला रहने
१६. सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजीनामा स्वेच्छिक हुनुपर्ने
१७. शेयर पूँजी
१८. सदस्य बन्न कम्तीमा एक शेयर खरिद गर्नुपर्ने
१९. थप शेयर खरिद गर्न सक्ने
२०. शेयर फिर्ता वा हस्तान्तरण
२१. प्रवेश शुल्क
२२. कृत्रिम छेकबार नलगाइने
२३. शेयर प्रमाण-पत्र
२४. सदस्यको दायित्व सीमित हुने
२५. प्रारम्भिक साधारण सभा
२६. वार्षिक साधारण सभा
२७. विशेष साधारण सभा
२८. साधारण सभाको बैठक

२९. साधारण सभाको काम, कर्तव्य र अधिकार
३०. साधारण सभाको निर्णय अनिवार्य हुने
३१. गाउँ/टोल/उपक्षेत्रीय बैठक
३२. सञ्चालक समिति
३३. समितिको बैठक
३४. समितिको काम, कर्तव्य र अधिकार
३५. लेखा सुपरिवेक्षण समिति
३६. उत्तरदायित्व शृखला
३७. अध्यक्षको काम, कर्तव्य र अधिकार
३८. व्यवस्थापकको नियुक्ति
३९. व्यवस्थापकको काम, कर्तव्य र अधिकार,
४०. विशेष जिम्मेवारी
४१. कर्मचारीको नियुक्ति तथा सेवाका शर्त
४२. संस्थाको कोष
४३. कोषको सुरक्षा
४४. कोषको उपयोग
४५. जगेडा कोष
४६.संरक्षित पूँजी फिर्ता कोष
४७. लाभांश वितरण नगरिने
४८. जगेडा कोषमा रकम सार्नुपर्ने
४९.बचत संकलन गर्न सक्ने/नसक्ने
५०. बचत संकलनमा सीमा
५१. ऋण दिन सक्ने
५२. ऋण प्रवाहमा सीमा
५३. ऋण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने
५४. साधारण सभाको स्वीकृति लिनुपर्ने
५५. सदस्य केन्द्रीयता
५६. स्वार्थ बाझिने निर्णयमा सहभागिताको प्रतिबन्ध
५७. कर्मचारीसँगको कारोबारमा निर्बन्धन
५८. जोखिम मूल्यांकन
५९. कारोबार नगरिने
६०. कारोबारको लेखा
६१. खातावही
६२. आन्तरिक हिसाब जाँच
६३. वार्षिक हिसाब जाँच
६४. विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्यांकन गर्नुपर्ने
६५. अन्य आधारभूत कागजात
६६. एकीकृत सूचना प्रणालीमा आबद्धता
६७. प्रमुख प्रशासकिय अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवेदन

६८. वित्तीय जानकारी एकाइमा प्रतिवेदन
६९.साधारण सभामा जानकारी गराउनुपर्ने
७०. हकवालाको मनोनयन
७१. हक दावी वा नामसारी
७२. निर्वाचन
७३. शपथ ग्रहण
७४. एकीकरण वा विभाजन
७५. कार्यान्वयन अधिकारी
७६. मध्यस्थता
७७. समानता र समता
७८. विनियम संशोधन
७९. साधारण सभाले कार्यविधि बनाउन सक्ने
८०. व्याख्या गर्ने अधिकार
८१. ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने
८२. अनुसूची : संस्थाको छाप, सपथ ग्रहण, तदर्थ संचालक समितिको विवरण.... आदि ।

(दृष्टव्य : पेश गर्नु पर्ने दुई प्रति विनियमको प्रत्येक पृष्ठको शिर पुछारमा तदर्थ संचालक समितिका प्रत्येक पदाधिकारीले सही गरेको हुनुपर्नेछ ।)

# अनुसूची-१०

## (नियम १७ को उपनियम ३ सँग सम्बन्धित)

### उम्मेदवार दरखास्त

श्री निर्वाचन अधिकृतज्यू,

निर्वाचन उपसमिति, ....................सहकारी संस्था लि. ।

**विषयः उम्मेदवारी दर्ता गरी दिने ।**

श्री.....................सहकारी संस्था लि.को सञ्चालक समिति/लेखा सुपरिवेक्षण समितिको ................... पदमा निर्वाचित भई संस्थाको सेवा गर्ने इच्छा भएकोले मिति ..................मा सम्पन्न हुने निर्वाचनमा उम्मेदवार बन्न यो दरखास्त पेश गरेको छु । म बाहेक यस संस्थाको संचालक र लेखा सुपरिवेक्षण समितिको कुनै पनि पदमा मेरा परिवारका सदस्य उम्मेदवार नभएको, म यस प्रकृतिको अन्य कुनै संस्थाको संचालक र लेखा सुपरिवेक्षण समितिको पदमा कार्यरत नरहेको, यस संस्थामा मैले निरन्तर रुपमा मिति.................देखि शेयर सदस्य भई हालसम्म संस्थाको नीति कार्यक्रम अनुसार सदस्यको जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरी आएको, संस्थाको भाखा नाघेको साँवा व्याज भुक्तान गर्न र म्याद भुक्तान भएका बुझाउन बाँकी कुनै रकम नरहेको, हाल पनि संस्थाले कारोवार गर्न अनुमति प्राप्त गरेको भौगोलिक क्षेत्रमा स्थायी बसोबास रहेको, संस्था तथा वित्तिय कारोवारमा कालो सूचीमा नाम नपरेको र सहकारीको प्रचलित कानुन तथा सहकारीका विश्वव्यापी मान्यता प्राप्त मूल्य र सिद्धान्तका वारेमा म जानकार रहेको हुँदा मेरो उम्मेदवारी स्वीकृत हुन समेत अनुरोध गर्दछु । सहकारी ऐन, नियम, संस्था विनियम विपरित मेरो उम्मेदवारी भएमा सोही बमोजिम उम्मेदवारी खारेज भएमा मेरो कुनै आपत्ति छैन ।

| | | |
|---|---|---|
| निवेदक दस्तखतः .......... | प्रस्तावक दस्तखतः............ | समर्थक दस्तखतः ......... |
| उम्मेदवारको नाम थर : | प्रस्तावकको नाम थर : | समर्थकको नाम थर : |
| ठेगाना र मोवाइल नम्बर : | ठेगाना र मोवाइल नम्बर : | ठेगाना र मोवाइल नम्बर : |
| मतदाता क्रम संख्या : | मतदाता क्रम संख्या : | मतदाता क्रम संख्या : |

-----------------------------------------------------------

यो दरखास्त पत्र मिति...................... का दिन ........ बजे श्री.............................. ले मेरो समक्ष प्रस्तुत गर्नु भएको ब्यहोरा प्रमाणित गर्दछु ।

दस्तखत :.................

निर्वाचन अधिकृत

# अनुसूची -११

## (नियम २१ को उपनियम २ संग सम्बन्धित)

## लेखा सुपरिवेक्षण समितिको त्रैमासिक/वार्षिक प्रतिवेदन ।

सहकारी संस्थाको नाम, ठेगानाः ...................... आ.व.: ..........

१. अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था : ..............

२. आ.व. ............................ मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था : ........................

३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था र भाखा नाघेको ऋणी संख्या र प्रतिशत : ......................................

४. सहकारी विभाग एवं नगरपालिकाबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण : .................................................................

५. सहकारी विभाग, नगरपालिकाको सहकारी शाखा वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु : .......................................................

.......................................................

६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :

६.१ पारिश्रमिक :

६.२ भत्ता :

६.३ अन्य सुविधाहरु :

७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु :

७.१ साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/नभएको :

७.२ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/नल्याइएको :

७.३ भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भएको/नभएको :

७.४ कार्यरत कर्मचारीहरु र कार्यवोझ बीच तादम्यता रहेको/नरहेको :

७.५ व्यवस्थापन प्रमुखको योग्यता र क्षमता र सेवासुविधा सम्बन्धी विवरण :

७.६ कर्मचारीहरुको भर्ना प्रक्रिया र संख्या :

७.६.१ करार :

७.६.२ अस्थायी :

७.६.३ स्थायी :

८. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, उपसमिति र कर्मचारीहरुले लिएका ऋणको विवरण र भाखा नाघेको अवस्था :

९. लेखा सुपरिवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था : ..........................

१०. बचत तथा ऋण सहकारी वा बचत तथा ऋणको कारोबार गरेका सहकारी संस्थाको हकमा पर्ल्स अनुगमन पद्धति बमोजिमको सूचकांकहरुको अवस्था विश्लेषण :

११. लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु : ......................

१२. लेखा सुपरिवेक्षण समितिको सुझावहरु :

१ ..................

२ ..................

३ ...............................

४............................

५.................................

लेखा सुपरिवेक्षण समितिको :

| | | |
|---|---|---|
| दस्तखत..................... | दस्तखत..................... | दस्तखत ................ |
| संयोजक श्री ........... | सदस्य श्री .............. | सदस्य श्री ............. |

मिति :...................

# अनुसूची-१२

## (नियम ४० को उपनियम (२) सँग सम्बन्धित)

## संस्था अनुगमन फारम ।

१. सहकारी संस्थाको नाम :- ………………………………………

२. दर्ता नं :- ……… दर्ता मिति :- २० । ।

मूख्य कारोबार : ………. अन्य कारोबार ………

दर्ता भएको कार्यालय :-……….नगरमा सूचिकृत भए/नभएको ………….। भएमा सूचिकृत मिति : ……………

३. संस्थाको मूख्य कार्यालयको ठेगाना :-…………………………………

शाखा कार्यालय/सेवाकेन्द्र/सम्पर्क कार्यालय/बिक्रीकेन्द्र/फिल्ड कार्यालय ……………………………

संस्थाको कार्यक्षेत्र :- …………..

कार्यक्षेत्र स्वीकृत मिति : ………….. सम्पर्क फोन नं ……………….

ईमेल : ………….. वेभसाईट :……………….फोन नं….. ……….

अध्यक्षको नाम :…………………………………………

सम्पर्क नं…………………………

व्यवस्थापक/कार्यालय प्रमुखको नाम : ……………………….

सम्पर्क नं………………………………

४. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको नामावली : (सबै जनाको)

| क.सं. | पद | नाम थर | स्थायी ठेगाना | मोबाइल नं. |
|---|---|---|---|---|
| सञ्चालक समितिको नामावली | | | | |
| १. | अध्यक्ष | | | |
| २. | | | | |

| लेखा सुपरिवेक्षण समितिको नामावली | | | | |
|---|---|---|---|---|
| १. | संयोजक | | | |
| २. | | | | |

संचालक समितिको सदस्य संख्या :- .........महिला ............पुरुष ............ अन्यः ..... जम्मा

कार्यकाल :-......बर्ष

सञ्चालक समिति/लेखा सुपरिवेक्षण समितिको बैठक भत्ता :- रु............ अन्य भत्ता : रु...................

उपसमितिको बैठक भत्ता :...........................

सञ्चालक समितिको बैठक विवरण : संख्या......... मुख्य विषयहरु :

लेखा सुपरिवेक्षण समितिको बैठक विवरण : संख्या......... मुख्य विषयहरु :

५) चुक्ता शेयर पूँजी :- ....... ............ (प्रति शेयर रु :- .......... )

सदस्यको न्यूनतम शेयर रकम :.......... अधिकतम शेयर रकम :......

६) संचालक समिति/लेखा समिति/उपसमिति र कर्मचारीले लिएको कर्जा विवरण :

| **क्र.सं.** | **नामथर** | कर्जा रकम | ब्याजदर | धितोको विवरण |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

७. जम्मा कर्मचारी संख्या :-...............

(बजार प्रतिनिधि :-..........जना )

नियुक्ति पत्र दिए/नदिएको :- ..........

सबैभन्दा बढी तलब लिने कर्मचारीको तलब :रु.......................

सबैभन्दा कम तलब लिनेको तलब रु..................

८. सफ्टवेयरको नाम :- .......................... सम्झौता भए/नभएको ........... भएमा मिति ..........................

९. शेयर सदस्य संख्या :-

| जम्मा :- | पुरुष :- | महिला :- | संस्थागत :- | बाल बचत कर्ता |
|---|---|---|---|---|
| | | | | |

अधिकतम शेयर खरिद गर्ने १० शेयर सदस्यहरुको विवरण :

| क्र.सं. | नामथर | शेयर रकम | कूल शेयरमा भार प्रतिशत |
|---|---|---|---|
| | | | |

१०) निक्षेप कर्ताहरुको संख्या

| जम्मा :- | पुरुष :- | महिला :- | संस्थागत :- |
|---|---|---|---|
| | | | |

सबैभन्दा बढी निक्षेप जम्मा गर्ने १० सदस्यहरुको नामावली :

| क्र.सं. | नामथर | निक्षेप रकम | कूल निक्षेपमा भार प्रतिशत |
|---|---|---|---|
| १. | | | |

११. ऋणी सदस्यहरुको संख्या

| जम्मा :- | पुरुष :- | महिला :- | संस्थागत :- |
|---|---|---|---|
| १. | | | |

सबैभन्दा बढी कर्जा उपभोग गर्ने १० जना ऋणी सदस्यको विवरण :

| क्र.सं. | नामथर | ऋण रकम | कूल ऋणमा भार प्रतिशत | धितोको विवरण |
|---|---|---|---|---|
| | | | | |

भाखा नाघेको ऋण रकम : ..................................प्रतिशत............

भाखा नाघेको ऋणी संख्या : .................

भाखा नाघेको ऋणको लागि व्यवस्था गरेको कोष रकम : ........................

कालो सूचीमा सूचिकृत गर्नु पर्ने ऋणी सदस्यहरु :

| क.सं. | नाम थर | ठेगाना |
|---|---|---|
| | | |

१२. संस्थाको वार्षिक साधारण सभा भएको मिति :-

कुल सदस्य संख्या :-............. उपस्थित सदस्य संख्या :.................

प्रतिशत :............

पछिल्लो संचालक समिति निर्वाचन मिति :- .....................

साधारण सदस्यहरुलाई सभाको सुचना दिने माध्यम र प्रकृया :- ..........

१३. संस्थाले तयार पारेको कार्य संचालन नियमावलीहरु, नीतिहरु, कार्यविधिहरुको विवरण :-

१.

२.

३.

४.

१४. संस्थाले गठन गरेको उपसमितिहरु, बैठक र कामको विवरण :

| **क्रं.सं** | **उपसमितिको नाम** | **बैठक संख्या** | **कामको विवरण** |
|---|---|---|---|
| | | | |

१५. पछिल्लो साधारण सभाबाट पारित भएका मूख्य बिषयहरु :-

..........................................................................................

१६. संस्थाको वर्तमान कर्जा प्रकृति वा किसिमहरु (ब्याजदर सहित) :-

| शिर्षक | दर |
|---|---|
| | |

१७. संस्थाको वर्तमान निक्षेपका प्रकारहरु (व्याजदर सहित) :-

| शिर्षक | दर |
|---|---|
| | |

१८. निम्न कारोवारहरु गरे/नगरेको :- सुनचाँदी कर्जा, चल्ती खाता, ओ.डी.कर्जा, आफ्नै शेयरको सुरक्षणमा ऋण लगानी, बिनाधितो कर्जा/घर जग्गा किनबेच : गरेको भए कारण र औचित्य खुलाउनु होला ......................................................................

१९. ऐन नियममा तोकिए बमोजिमका सम्बन्धित कार्यालयमा विवरणहरु पठाए/नपठाएको :-

२०. खुद बचत/नाफाको कम्तिमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरे/नगरेको :-

२१. शेयर पूँजीको बढिमा १८ प्रतिशत बढी लाभाँश वितरण गरे/नगरेको वा संरक्षित पूँजी फिर्ता कोषको वितरण नियमावली बमोजिम छ वा छैन ?

२२. संस्थाले कुनै प्रकारको चन्दा, आर्थिक सहयोग प्रदान गरे/नगरेको :-

२३. एउटै लेखापरीक्षक लगातार ३ पटकभन्दा बढी नियुक्ति भएको छ/छैन ?

२४. संस्थाको कूल चुक्ता शेयर पूँजीको १० प्रतिशत भन्दा बढी एउटै व्यक्ति वा निकाय विशेष ( सरकारी समेत) लाई शेयर बिक्रि भएको छ/छैन ?

२५. संस्थाले कर्जामा लिने सेवा शुल्क लगायतका अन्य अतिरिक्त रकमहरु :-

२६. संस्थाको निक्षेप र कर्जा बीचको ब्याजदर अन्तर प्रतिशत :-

२७. कर्जा तथा सापटमा पाकेको व्याज नगद प्राप्ति (Cash Basis) को आधारमा आम्दानी जनाएको र निक्षेपमा प्रदान गर्ने व्याज Accural Basis मा लेखांकन गरेको छ/छैन ?

२८. संस्थाको प्राथमिक पूँजी कोषको १०% भन्दा बढी एकै व्यक्तिलाई ऋण लगानी भएको छ/छैन ?

२९. बचत तथा ऋण नीति, कर्मचारी नियमावली, आर्थिक प्रशासन नियमावली तयार गरे/नगरेको ?

३०. संचालक र लेखा सुपरीवेक्षण समिति सदस्यका उम्मेदवारहरुले मनोनयनका साथमा शेयर प्रमाणपत्रको प्रतिलिपि, कार्यक्षेत्रभित्र स्थायी बसोवास गरेको प्रमाण, संस्थासंग कुनै बक्यौता नरहेको प्रमाण, कर्जा कालो सुचिमा नपरेको स्व-घोषणा आदि कागजात पेश गरे नगरेको ?

३१. संचालक समिति निर्वाचित भएको मितिले १५ दिनभित्र संचालकहरुको फोटो र तीन पुस्ते सहितको २ प्रति विबरण पेश गरे/नगरेको ?

३२. संस्थाले ऋण उपसमितिको सिफारीसमा ऋण लगानी गरे/नगरेको ?

३३. सदस्यहरुलाई कारोवारी, साधारण र संस्थापक भनी विभेद गरे/नगरेको ?

३४. साधारण सभा सम्पन्न भएको १५ दिन भित्र लेखापरीक्षण प्रतिवेदन, अध्यक्षले प्रमाणित गरेको सभाका निर्णयको प्रतिलिपि, सदस्यहरुको उपस्थिति विवरण कार्यालयमा पेश गरे/नगरेको ?

३५. तोकिए बमोजिम कर्जा नोक्सानी ब्यवस्था गरे/नगरेको :

३६. संचालक समिति, लेखा सुपरीवेक्षण समिति, ऋण उप समिति सदस्यहरुले संस्थाबाट लिएको कर्जाको विबरण चौमासिक रुपमा सम्बन्धित कार्यालयमा पेश गरे /नगरेको :

३७. संस्था दर्ता हुँदाका बखतका बाहेक अन्य सदस्यहरुका हकमा सदस्य बनेको १ महिना नियमित बचत गरेपछि मात्र ऋण लगानी गर्नुपर्ने ब्यबस्था पालना भए /नभएको :

३८. विनियमको परिधि भित्र रही विभिन्न कोषहरुमा रकम वाँडफाँड गरेको छ /छैन :

३९. संचालकहरुले संस्थाबाट उपभोग गरिरहेको वित्तिय तथा अन्य सुबिधाहरु :-

४०. संस्थाबाट कर्जा प्रवाह गर्दा माग गरिने कागजातहरु, धितो मुल्यांकन लगायत अन्य प्रकृयाहरुः-

४१. पछिल्लो आन्तरिक र बाह्य लेखापरीक्षकहरुका मूल कैफियतहरु :-

४२. ऋण स्वीकृत गर्ने अख्तियारी कसलाई दिइएको छ ? र कसरी दिइएको छ ?

४३. कर्जा तथा निक्षेपको ब्याजदर परिवर्तन भएको सूचना सदस्यहरुलाई कसरी दिईन्छ ?

४४. संस्थाको प्रचलित विनियम बमोजिम संचालक समितिको बैठक बस्ने गरे/नगरेको

४५. संस्थाले साधारण जगेडा कोष बाहेकका कोषहरु तिनको उद्देश्य अनुसार उपयोग गर्ने गरे/नगरेको

४६. संस्थाले कर्जा प्रवाह, निक्षेप संकलन र शेयर बिक्रीका लागि विज्ञापन गर्ने गरे/नगरेको

४७. नगद रकमको ढुकुटी, काउन्टर तथा मार्गस्थ बीमा गरे/नगरेको (गरेको भए, बीमा रकम र म्याद):-

४८. नगदको विबरण खुल्ने Cash Book, Day Book राख्ने गरे नगरेको, नगदको जिम्मेवारी बांडफांड गरे नगरेको, ढुकुटीबाट कारोवारका लागि नगद झिक्दा/राख्दा सो को विबरण राख्ने गरे नगरेको, ढुकुटीको सांचोको जिम्मेवारी क्यासियर र ब्यवस्थापकले लिने गरे नगरेको ।

४९. संस्थाले समानान्तर सहकारी संस्थाहरुसंग शेयर, निक्षेप र कर्जा/सापटी कारोवार गरेको भए त्यसको विबरण :-

५०. संस्थाका वर्तमान संचालक तथा लेखा सुपरीवेक्षण समिति समानान्तर सहकारी संस्था, जनप्रतिनिधी, शिक्षक, सरकारी कर्मचारी, बैंक तथा वित्तिय संस्थाको संचालक वा कर्मचारीको पदमा समेत वहाल भएको भए त्यसको विबरण :-

५१. संस्था तथा संस्थाका प्रतिनिधिले सरकार, सहकारी संघहरु र अन्य निकायबाट पाएको पुरस्कार तथा सम्मानको विवरण :

५२. संस्थाले सदस्य एवं कर्मचारीहरुको लागि सञ्चालन गरेको तालिम, गोष्ठी र भ्रमणको विवरण :

५३. संस्थाको आफ्नो नाममा भएको घर/जग्गा वा स्थिर सम्पत्तिको विवरण:

५४. संस्थाको पछिल्लो महिनाको वासलात र आय विवरणको संक्षिप्त प्रति

५५. बचत तथा ऋण सहकारी भए मासिक रुपमा पर्ल्स प्रतिवेदन छ /छैन :

उल्लेखित विषयहरु तथा जानकारी यस संस्थाको आधिकारिक व्यक्ति/व्यक्तिहरुसंग संकलन भएको हो भनी सहि गर्ने

संस्थाको आधिकारिक व्यक्तिको नाम : ................ पद :............. हस्ताक्षर :...........

संस्थाको छाप :

निरीक्षण गर्ने :

| क्र.सं. | निरीक्षण गर्ने पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

प्रमाणीकरण मिति: २०७८।८।१३

आज्ञाले,

परमानन्द शर्मा

नि.प्रमुख प्रशासकिय अधिकृत